# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २५९ | काठमाडौं | आइतबार, ०४ माघ २०८२ | Prabhab National Daily | Sunday, 18 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं**

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


राष्ट्रिय सभा निर्वाचन

# गगनले स्वीकारे ओली–देउवा सहमति

■ **जेबी योञ्जन**



**काठमाडौं–** नेपाली कांग्रेसले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनमा नेकपा एमालेसँगको गठबन्धनलाई निरन्तरता दिने भएको छ ।

विशेष महाधिवेशनमार्फत चयन भएको नयाँ केन्द्रीय कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिएपछि कांग्रेस–एमालेबीच भएको सहमतिको भविष्यलाई लिएर राजनीतिक वृत्तमा चासो बढेको थियो । तर, कांग्रेसले पुरानै सहमति निरन्तर रहने बताएको हो ।

कांग्रेसको विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित गगनकुमार थापाले कसैसँग गठबन्धन नगरी चुनावमा जाने घोषणा गरेका थिए । त्यसविपरीत उनले पूर्वसभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भएको सहमतिलाई स्वीकारेका हुन् ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले राष्ट्रिय सभा निर्वाचनलाई चुनावी गठबन्धनका रूपमा बुझ्न नहुने बताए । 'अघिल्लो केन्द्रीय समितिको अविछिन्न रूपमा रहेको वर्तमान केन्द्रीय समिति हो । राष्ट्रिय सभा निर्वाचनलाई चुनावी गठबन्धनका रूपमा बुझ्नु हुँदैन । राष्ट्रिय सभा सदस्यका लागि एमालेसँग गरिएको सहमति कायम राख्छौं,' उनले प्रभावसँग भने ।

उनका अनुसार राष्ट्रिय सभा निर्वाचनको प्रकृति नै फरक भएकाले यसलाई प्रतिनिधिसभा निर्वाचनसँग तुलना गर्न नमिल्ने धारणा कांग्रेसको छ । यसअघिको केन्द्रीय समितिले गरेका निर्णयहरू निरन्तरताको सिद्धान्तअनुसार नयाँ समितिले पनि मान्यता दिने उनको भनाइ छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीनिकट सचिव महेश बस्नेतले कांग्रेसको निर्णय स्वागतयोग्य भएको प्रतिक्रिया दिए ।

> राष्ट्रिय सभा निर्वाचनलाई चुनावी गठबन्धनका रूपमा बुझ्नु हुँदैन । राष्ट्रिय सभा सदस्यका लागि एमालेसँग गरिएको सहमति कायम राख्छौं ।
>
> ■ **देवराज चालिसे**
> प्रवक्ता, नेपाली कांग्रेस

> विशेष महाधिवेशनको बन्दसत्रबाट पारित राजनीतिक दस्तावेजमा गठबन्धन नगर्ने भनिएको थियो, त्यसले संशय उत्पन्न गरेको थियो तर कांग्रेस प्रवक्ताको सहमतिलाई निरन्तरता दिने भन्ने कुराले संशय रहेन ।
>
> ■ **महेश बस्नेत**
> सचिव, नेकपा एमाले

'विशेष महाधिवेशनको बन्दसत्रबाट पारित राजनीतिक दस्तावेजमा गठबन्धन नगर्ने भनिएको थियो, त्यसले संशय उत्पन्न गरेको थियो तर कांग्रेस प्रवक्ताको सहमतिलाई निरन्तरता दिने भन्ने कुराले संशय रहेन,' उनले भने ।

राष्ट्रिय सभाका १९ जना सदस्यको कार्यकाल आगामी फागुन २० गते सकिँदै छ । तीमध्ये एक जना बामदेव गौतम राष्ट्रपतिबाट मनोनीत सांसद हुन् । उनको पद रिक्त भएपछि सरकारको सिफारिसमा राष्ट्रपतिले पुनः अर्को व्यक्तिलाई प्रधानमन्त्रीको सिफारिसमा मनोनयन गर्ने संवैधानिक व्यवस्था छ । बाँकी १८ सदस्यका लागि भने निर्वाचन प्रक्रिया अघि बढिसकेको छ । निर्वाचन आयोगका अनुसार गत पुस २३ गते मनोनयन दर्ता भइसकेको छ ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)बाट ४४ जनाको उम्मेदवारी परेको हो ।

निर्वाचनमा कांग्रेस, एमाले र जनता समाजवादी पार्टी जसपा नेपालले गठबन्धन गरेका छन् । बाँकी दलहरू एक्लाएक्लै निर्वाचनमा होमिएका हुन् । प्रदेशगत मतभारलाई आधार मान्दा कांग्रेस र एमाले चुनावी गठबन्धनमा रहँदा सबै प्रदेशबाट सहज जित हुने अवस्था छ । नेकपालाई जित निकाल्न निकै कठिन हुने भएको छ ।

▸▸ क्रमशः पृष्ठ २ मा

# रवि–जिबीसहित १५३ अभियुक्तलाई उन्मुक्ति दिँदा सहकारी ठगीको पाँच अर्ब धरापमा

- रविसँगै सम्पत्ति शुद्धीकरण र संगठित अपराधका १५३ अभियुक्तविरूद्धको अभियोग संशोधन गरिने
- संशोधन गरेर अभियोग हटाउँदा सहकारी ठगीको पाँच अर्ब रूपैयाँ जोखिममा
- नेपाललाई एफएटिएफले जोखिमपूर्ण मुलुकको सूचीबाट कालोसूचीमा राख्ने चिन्ता बढ्यो





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध दर्ता भएको संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी गम्भीर अभियोग संशोधनले उनीजस्तै १५३ जना प्रतिवादीले उन्मुक्ति पाउने भएका छन् । कानुनी जटिलताका कारण महान्यायाधिवक्ता सविता भण्डारीले रविसँगै एउटै अभियोगपत्रमा जोडिएका सबै प्रतिवादीको हकमा अभियोग सच्याउने निर्णय शुक्रबार गरिन् ।

यस निर्णयसँगै अनुसन्धान सकिएर जफत मागदाबी गरिएको करिब पाँच अर्ब रूपैयाँभन्दा बढी रकम अब सम्पत्ति शुद्धीकरणको दायराबाट बाहिरिने छ । यसले सहकारी ठगीबाट आर्जित रकम वैध बन्ने र मुख्य मतियार भनिएका फरार अभियुक्त जिबी राईसहित अन्य अभियुक्तहरू गम्भीर अभियोगबाट मुक्त हुने भएका हुन् ।

यसअघि बुधबार महान्यायाधिवक्ता भण्डारीले रवि लामिछानेको हकमामात्र संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग सच्याएर सहकारी ठगीमात्र कायम गर्न सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयलाई अनुमति दिने निर्णय गरेकी थिइन् । उक्त निर्णय गर्दा रविले जिल्ला सरकारी वकिल कार्यालयमा दिएको अभियोगपत्र सच्याउने निवेदनलाई मुख्य आधार बनाइएको थियो ।

तर, एउटै अभियोगपत्रमा एकभन्दा बढी अभियुक्त रहेको अवस्थामा एक जनाको मात्र अभियोग सच्याउँदा अदालतले अस्वीकार गर्न सक्ने कानुनी जटिलता देखिएपछि शुक्रबार पुनः निर्णय गर्दै रविसँग जोडिएका अन्य अभियुक्तको हकमा पनि दुवै अभियोग सच्याउने स्वीकृति दिएको महान्यायाधिवक्ता कार्यालय स्रोतले जनायो । यस निर्णयले गोर्खा मिडियासहित जिबी राई समूहसँग सम्बन्धित पाँच सहकारीका १५३ प्रतिवादी संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दाबाट उन्मुक्ति पाउने भएका हुन् ।

जिबी यो मुद्दा प्रक्रिया सुरु भएदेखि नै फरार छन् । उनी मलेसियामा रहेको भनिँदै आएको छ । सुपुर्दगी कानुन नभएका कारण इन्टरपोलमार्फत नेपाल ल्याउने सरकारी प्रयास अहिलेसम्म सफल भएको छैन । उनको राहदानी रद्द भइसकेको छ तर उनलाई नेपाल ल्याएर कानुनी कारबाही अघि बढाउन सकिएको छैन ।

> अहिले सुशीला कार्कीकी महान्यायधिवक्ता सविता भण्डारीले रविविरूद्ध सम्पत्ति शुद्धीकरण र संगठित अपराध कसुरको मुद्दा फिर्ता लिने निर्णय गरेको कारण अब पक्का 'ग्रे'बाट कालोसूचीमा झर्ने छ । यसको कारण देशलाई पर्ने आर्थिक असर कल्पनाबाहिरको कुरो हो ।
>
> ■ **भीम भुर्तेल**
> अर्थ–राजनीतिक विश्लेषक

कास्कीमा मात्र सूर्यदर्शन सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा ६३ जना प्रतिवादी छन् । सानो पाइला, सुप्रिम र स्वर्णलक्ष्मी सहकारी ठगीसँगै संगठित अपराधका अभियोग अन्य जिल्लामा दर्ता छन् भने चितवनको सहारा सहकारीमा ठगीसम्बन्धी मुद्दा विचाराधीन छ ।

महान्यायाधिवक्ताको पछिल्लो निर्णयअनुसार कास्की जिल्ला अदालतमा दर्ता भएको सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग हटेपछि अभियोगपत्रमा उल्लेख भएका रकमहरू कानुनीरूपमा वैध ठहरिने छन् । अभियोगपत्रअनुसार जिबीविरुद्ध एक अर्ब ८६ करोड, रविविरुद्ध २७ करोड, छविलाल जोशीविरुद्ध ७४ करोड, लीला पछाईविरुद्ध २४ करोड, रामबहादुर खनालविरुद्ध १४ करोड र गोर्खा मिडिया तथा जिबी ग्रुपमार्फत एक अर्ब २४ करोड रूपैयाँ सम्पत्ति शुद्धीकरण गरिएको दाबी गरिएको थियो ।

सहकारी ठगीको मुद्दा भने कायम रहने भएकाले अदालतबाट कसुर प्रमाणित भएमा बचतकर्ताले रकम फिर्ता पाउने सम्भावना रहे पनि अनुसन्धानअनुसार ती रकम विभिन्न कम्पनी, रियल स्टेट, हुण्डी र क्रिप्टो करेन्सीमार्फत नेपालबाहिर लगेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

यस्तोमा सम्पत्ति शुद्धीकरणसहितका दुई गम्भीर मुद्दाको अभियोगपत्र संशोधन गर्ने सरकारको कदमले अपराधबाट आर्जित सम्पत्ति व्यवस्थापन (सम्पत्ति शुद्धीकरण)बारे विश्व्यापी अनुगमन गर्ने फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले नेपाललाई जोखिमपूर्ण मुलुकको सूचीबाट कालोसूचीमा राख्ने चिन्ता बढेको छ ।

यदि कालोसूचीमा परे नेपाललाई पर्ने आर्थिक असर कल्पनाबाहिरको हुने अर्थ–राजनीतिक विश्लेषक डा. भीम भुर्तेल बताउँछन् । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'अहिले सुशीला कार्कीकी महान्यायधिवक्ता सविता भण्डारीले रविविरूद्ध सम्पत्ति शुद्धीकरण र संगठित अपराध कसुरको मुद्दा फिर्ता लिने निर्णय गरेको कारण अब पक्का ग्रेबाट कालोसूचीमा झर्ने छ । यसको कारण देशलाई पर्ने आर्थिक असर कल्पनाबाहिरको कुरो हो । एकपटक झरेपछि माथि उक्लन गाह्रो पर्छ ।'

▸▸ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# 'स्पेसल टास्क फोर्स'सँग सशंकित व्यवसायी

■ **ममता थापा**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय 'स्पेसल टास्क फोर्स' (विशेष कार्यदल) बनाएर काम गर्ने तयारीमा जुटिरहँदा वैदेशिक रोजगार व्यवसायीहरू सशंकित भएका छन् । मन्त्रालयले वैदेशिक राजेगारीको ठगी नियन्त्रण गर्न भन्दै कार्यदल गठनको प्रक्रिया अघि बढाइरहेको अवस्थामा व्यवसायीहरूमा भने संशय पैदा भएको हो ।

वैदेशिक रोजगार विभागको महानिर्देशकको नेतृत्वमा काम गर्ने भनिएको विशेष कार्यदलको विषयमा मन्त्रालयले विभागलाई केही दिनअघि पत्राचार गरिसकेको जनाएको छ । उक्त कार्यदल प्रहरी उपरीक्षकको कमाण्डमा चल्ने मन्त्रालयको भनाइ छ । जसमा १३ जनाको टोली हुने छ । उक्त टोलीलाई विभागको महानिर्देशकले परिचालन गर्ने भनिएको छ । प्रहरीको टोलीले ठगी नियन्त्रण गर्ने, उजुरीहरू हेर्ने र प्रारम्भिक अनुसन्धानमा सघाउनेजस्ता काम गर्ने छ ।

गत पुस ३ गते अन्तर्राष्ट्रिय आप्रवासी दिवसका अवसरमा श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले टास्क फोर्स गठन गर्ने जानकारी दिएका थिए । मुलुकमा रोजगारी नपाएर विदेसिन बाध्य भएका युवाहरूलाई वैदेशिक रोजगारीका क्रममा प्रताडित बनाउनेहरूलाई कार्यदलले कारबाहीको दायरामा ल्याउने उनको भनाइ थियो ।

मन्त्रालयका अनुसार कार्यदलको गठनलगायतको काम सुरु भइसकेको छ । विभागले प्रहरीको टोलीसँगको छलफललाई पनि तीव्र बनाएको छ । यता व्यवसायीहरू भने सरकारको पछिल्लो कदमले त्रसित भएका छन् । सरकारले अनधिकृत व्यक्तिका लागि विशेष कार्यदल बनाएर वैदेशिक रोजगारीको विकृति हटाउन खोज्नु ठीक भएको तर इजाजतवाला व्यवसायीलाई तर्साउन बनाइएको भए स्वीकार्न नसकिने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले बताए । आफूहरू वैदेशिक रोजगार ऐनले जे भन्छ त्यही गर्ने उनले बताए ।



> वैदेशिक रोजगार क्षेत्रमा विकृति बढ्न भएन भन्ने मान्यता हाम्रो पनि हो । तर इजाजतवाला व्यवसायीलाई तर्साउन 'टास्क फोर्स' बनाएको हो भने स्वीकार्य छैन । हामी वैदेशिक रोजगार ऐनले जे भन्छ त्यही गर्छौं ।
>
> ■ **महेशकुमार बस्नेत**
> महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



> व्यवसायीलाई अप्ठ्यारो पर्ने गरी केही हुँदैन । कानुनबमोजिम गर्ने हो । व्यवसायीले पनि यो कुरा बुझ्नुभएको छ । केही वर्ष अघिदेखि नै कार्यविधि बनेर अहिले पनि प्रहरीले काम गरिरहेको छ । त्यसैलाई प्रभावकारी बनाउन खोजिएको हो ।
>
> ■ **पिताम्बर घिमिरे**
> प्रवक्ता, श्रम मन्त्रालय

'यो क्षेत्रमा विकृति बढ्न भएन भन्ने मान्यता हाम्रो पनि हो । तर इजाजतवाला व्यवसायीलाई तर्साउन बनाएको हो भने स्वीकार्य छैन,' बस्नेतले भने, 'हामी वैदेशिक रोजगार ऐनले जे भन्छ त्यही गर्छौं । ऐनका अनुसार कुनै पनि संस्थागत विषय हेर्न प्रहरी खटाउन मिल्दैन । यो व्यवसायीलाई तर्साउन होइन होला भन्ने बुझेका छौं ।'

आफूहरूले १० हजार रूपैयाँ सेवा शुल्कमा काम गर्न सकिँदैन भन्दै आएको अवस्थामा त्यसको कुनै सुनुवाइ नभएको बस्नेतले बताए । बजारमा वस्तु तथा सेवाको बिक्री वितरण भइरहेको अवस्थामा मूल्य निर्धारण नहुँदा स्वतः कालोबजारी हुने उदाहरण उनले प्रस्तुत गरे । कामको सिलसिलामा भएका न्याय–अन्याय विभागले छुट्याउँदै आएको उनको दाबी छ ।

'आर्थिक कारोबार, न्याय–अन्यायजस्ता विषय विभागले छुट्याउँछ । विभागमा व्यवसायीको करोडौं धरौटी छ,' महासचिव बस्नेतले भने, 'आर्थिक कारोबारमा अन्याय भएको छ भने व्यवसायीको धरौटीबाट न्याय गर्ने विषय छँदै छ । प्रहरीले समाएर लिएर जानका लागि त्यस्तो जघन्य अपराधको विषय होइन ।'

त्यस्तै, अर्का एक व्यवसायीले सेवा शुल्कको विषय विवादित नै रहेको अवस्थामा कार्यदलले अर्को समस्या निम्त्याउने बताए । 'नमिलेको विषयमा कुनै व्यवसायी कारबाहीमा परे भने वैदेशिक रोजगार क्षेत्र ठप्प हुनसक्छ ।

▸▸ क्रमशः पृष्ठ २ मा

# निर्वाचनको तयारी करिब ८० प्रतिशत पूरा

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी करिब ८० प्रतिशत पूरा भएको जनाएको छ । शनिबार गृहमन्त्री ओमप्रकाश अर्याल र निर्वाचन आयोगका पदाधिकारीबीच भएको छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उक्त जानकारी दिएका हुन् ।

उनले निर्वाचन अधिकृतका कार्यालय स्थापना भइसकेका र अब निर्वाचन तयारीका हिसाबले करिब ८० प्रतिशतभन्दा बढी काम भएको बताए ।

निर्वाचनको स्वीकृत कार्यतालिकाअनुसार भए गरेका कामबारे भएको छलफलका लागि मन्त्री अर्याल आयोगको कार्यालय बहादुर भवनमा पुगेका थिए । त्यस अवसरमा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले आयोगबाट

▸▸ क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार
HARDIK IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

**पृष्ठ १ बाट क्रमशः**

## रवि–जिबीसहित...

रविविरुद्धको दुवै मुद्दा गम्भीर भएको भन्दै ठट्टा गर्न नहुने उनले बताए । उनका अनुसार सरकारको यस्तो कदमले सरकारले नेपाललाई एफएटिएफको ग्रे लिस्टबाट निकाल्न गरिएको प्रतिबद्धतामा प्रश्न उठेको छ ।

■■■

## गगनले स्वीकारे...

गठबन्धनपछि कांग्रेसले सबैभन्दा बढी नौ सिट पाएको छ । एमालेले आठ सिट पाउँदा जसपाले एक सिट पाएको छ । यही ११ माघमा निर्वाचन १८ सिटका लागि हुँदै छ । सोहीअनुसार गत २३ पुसमा सबै प्रदेशमा उम्मेदवारी दर्ता भएको थियो ।

आयोगका अनुसारका कोशीमा दुई सिटमा निर्वाचन हुँदै छ । अन्य सिटबाट नेपाली कांग्रेसका सुनिलबहादुर थापा निर्विरोध निर्वाचित भएपछि महिला सिट र दलित क्लस्टरमा मात्रै निर्वाचन हुँदै छ । त्यहाँ नेपाल कम्युनिस्ट पार्टीबाट महिला क्लस्टरमा नमिता न्यौपानेको उम्मेदवारी परेको छ । उनीसँगै नेकपा एमालेकी रोशनी मेचे प्रतिस्पर्धामा छिन् । दलित क्लस्टरमा नेपाल कम्युनिस्ट पार्टीका खेमराज नेपाली र एमालेका सोमनाथ पोर्तेल -प्रतिस्पर्धामा छन् ।

मधेश प्रदेशमा महिलाबाट जनता समाजवादी पार्टी नेपालकी चन्द्रकलादेवी साहको उम्मेदवारी परेको छ । त्यहाँ एमालेकी रेखाकुमारी झा र नेपाल कम्युनिस्ट पार्टीकी शमीकुमारी अग्रवाल पनि प्रतिस्पर्धामा छिन् ।

दलितमा नेपाली कांग्रेसका धर्मेन्द्र पासवानसँग नेपाली कम्युनिस्ट पार्टीका शम्भु पासवान हजारी र जसपाकी चमेलीदेवी दास प्रतिस्पर्धामा उत्रिएका छन् । अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायबाट रामनन्दन प्रसाद, रञ्जित कर्ण र शैलेशकुमार चौधरीको उम्मेदवारी छ । प्रसाद नेपाली कम्युनिस्ट पार्टी, कर्ण कांग्रेस र चौधरी जसपा नेपालका उम्मेदवार हुन् ।

अन्यबाट महन्थ ठाकुर र लक्ष्मण पौडेल उम्मेदवार छन् । ठाकुर लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष हुन् । उनलाई कांग्रेस, एमाले र जसपाको साथ छ । पौडेल नेपाल कम्युनिस्ट पार्टीका उम्मेदवार भएको निर्वाचन आयोगले जनाएको छ ।

बागमतीमा महिला कोटामा कांग्रेसकी गीता देवकोटासँग नेपाल कम्युनिस्ट पार्टीकी सरोजकुमारी झा र नेपाल मजदुर किसान पार्टीकी कविता महर्जन चुनाव लड्दै छन् । अन्य सिटमा अन्य विक्रम ढुकुछु, प्रेमप्रसाद दंगाल र प्रेमप्रसाद सापकोटा उम्मेदवार छन् । ढुकुटु नेपाल मजदुर किसान पार्टी, दंगाल नेकपा एमाले र सापकोटा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार हुन् ।

गण्डकीमा महिला सिटमा एमालेकी सम्झना देवकोटा उम्मेदवार छिन् । उनलाई नेपाली कम्युनिस्ट पार्टीकी गोमा लुइँटेल घिमिरे र राष्ट्रिय जनमोर्चाकी लक्ष्मी बास्कोटाले टक्कर दिने भएका छन् । अन्य सिटमा नेपाली कम्युनिस्ट पार्टीका कपिल लामा उम्मेदवार छन् । उनीसँग चुनावी प्रतिस्पर्धामा कांग्रेसका जगत तिमिल्सिना र राष्ट्रिय जनमोर्चाका शंकरप्रसाद बराल मैदानमा छन् ।

लुम्बिनी प्रदेशको महिला सिटमा नेपाली कम्युनिस्ट पार्टीबाट दुर्गाकुमारी भण्डारी उम्मेदवार छिन् । उनीसँग राष्ट्रिय जनमोर्चाकी पद्मा पण्डित र एमालेकी रामकुमारी झाँक्री प्रतिस्पर्धामा छन् । झाँक्री गत मंसिरको तेस्रो साता एमाले फर्किएकी नेत्री हुन् । पूर्वमन्त्रीसमेत रहेकी झाँक्री राष्ट्रिय राजनीतिमा चर्चित पात्र हुन् ।

लुम्बिनीमै अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायको सिटमा नेपाली कांग्रेसका वासुदेव घिमिरे र नेपाली कम्युनिस्ट पार्टीका सर्जन विक उम्मेदवार छन् । अन्य सिटमा कांग्रेसका चन्द्रबहादुर केसी, राष्ट्रिय जनमोर्चाका वोमबहादुर खत्री, नेपाली कम्युनिस्ट पार्टीका बृहस्पति अधिकारीको उम्मेदवारी छ ।

कर्णालीको महिला सिटमा नेपाली कम्युनिस्ट पार्टीकी अञ्जु महतरा र नेकपा एमालेकी मीनासिंह रखाल उम्मेदवार छन् । अन्य सिटमा कांग्रेसका ललितजंग शाही र नेपाली कम्युनिस्ट पार्टीका बुद्धिप्रसाद शर्मा चुनावी प्रतिस्पर्धामा छन् । सुदूरपश्चिम प्रदेशको महिला सिटमा एमालेकी लिलाकुमारी भण्डारी र नेपाल कम्युनिस्ट पार्टीकी रोजी बस्नेत तथा अन्यमा कांग्रेसका खम्बबहादुर खाती र नेपाली कम्युनिस्ट पार्टीका टीकाराम जैसी उम्मेदवार छन् ।

निर्वाचन यही ११ माघमा हुँदै छ । निर्वाचनमा मतदाता प्रदेश र स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्ष हुन् । उनीहरूको मतभार तोकिएको छ । निर्वाचन आयोगले प्रदेशको राजधानीमा प्रमुख निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ । मतदानस्थल र मतदान केन्द्रको पनि व्यवस्था गरिएको जनाएको छ ।

आगामी २१ फागुनमा राष्ट्रिय सभाका १९ जना सदस्यको पदावधि सकिँदै छ । त्यसमध्ये १८ जना सदस्यको ठाउँमा निर्वाचन हुन लागेको हो । एक जना राष्ट्रपतिबाट मनोनीत हुनाले उक्त पदमा निर्वाचन नहुने भएको छ । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्ने छन् ।

■■■

## स्पेसल टास्क...

यसले मुलुकको अर्थतन्त्रमा ठूलो असर गर्छ । सेवा शुल्क निर्धारण गरेर यो लागू गर्दा हामीलाई समस्या भएन,' ती व्यवसायीले भने ।

### 'व्यवसायीलाई अप्ठ्यारो पर्दैन'

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका समस्यालाई न्यूनीकरण गर्न 'टास्क फोर्स' गठन गर्न लागिएकाले व्यवसायीलाई समस्या नपर्ने प्रस्ट पारेको छ । विगतदेखि नै हुँदै आएको कामकै निरन्तरता मात्र भएको मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए ।

'व्यवसायीलाई अप्ठ्यारो पर्नेगरी केही हुँदैन । कानुनबमोजिम गर्ने हो । व्यवसायीले पनि यो कुरा बुझ्नुभएको छ । त्यस्तो आत्तिनपर्ने नहोला,' घिमिरेले भने, 'केही वर्ष अघिदेखि नै कार्यविधि बनेर अहिले पनि प्रहरीले काम गरिरहेको छ । त्यसैलाई प्रभावकारी बनाउन खोजिएको हो ।'

कार्यान्वयनमा जाँदा समस्या आयो भने छलफल गर्न सकिने घिमिरेले बताए । कार्यदलले विभागको महानिर्देशकले तोकेपछि काम सुरु गर्ने छ । उक्त कार्यदलले विगतकै शीघ्र प्रतिउत्तर कार्यदल (र्‍यापिड रेस्पोन्स टिम) नामको कार्यविधिअन्तर्गत काम गर्ने जनाइएको छ ।

■■■

## निर्वाचनको...

स्वीकृत कार्यतालिकाअनुसार निर्वाचनको काम नियमित र तालिका भइरहेको जानकारी गराए ।

आयोगले यही माघ ११ गते राष्ट्रिय सभाको पनि निर्वाचन गराउँदै छ । भण्डारीले निर्वाचन आचारसंहिता पालनालाई प्रभावकारी बनाउन सूक्ष्म अनुगमन गरिने जानकारी दिए ।

गृहमन्त्री अर्यालले मन्त्रालय र आयोगबीच दोहोरो समन्वय हुनुपर्ने विषय पहिचान गरी सहकार्य गरिने विश्वास दिलाउँदै सुरक्षा व्यवस्थापनमा सरकारका तर्फबाट पर्याप्त तयारी भएको बताए । उनले निर्वाचन तयारी, मतदान प्रक्रिया र मतगणनासम्मको एकीकृत सुरक्षा योजनाअनुसार सरकारले सुरक्षाको प्रत्याभूति गर्ने पनि स्पष्ट गरे ।

आयोगका सचिव कृष्णबहादुर राउतले राष्ट्रियसभा सदस्य निर्वाचनको मतपत्र छपाइ सकिएको र अब मतपत्र तथा निर्वाचन सामग्री सम्बन्धित कार्यालयमा पठाउने चरणमा रहेको जानकारी दिए ।

# निर्वाचन प्रहरीका लागि मागअनुसार परेन निवेदन

**दमौली (तनहुँ)**– फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा निर्वाचन प्रहरी माग गरिएकामा मागअनुसार निवेदन परेको छैन । निर्वाचनका लागि एक हजार ५७३ निर्वाचन प्रहरी माग गरिएकामा शुक्रबारसम्म एक हजार ३२१ जनाको निवेदन परेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए ।

उनका अनुसार एक हजार २० पुरुष र ३२१ महिलाले निवेदन दिएका छन् । यसअघि माघ १ गतेसम्म निवेदन दिने समय रहेकामा कम निवेदन परेपछि शुक्रबारसम्मका लागि अन्तिम समय तोकिएको छ । उनले भने, 'माग गरेबमोजिम कमको निवेदन परेपछि जिल्ला निर्वाचन समितिको निर्णयअनुसार अवधि बढाइएको छ ।'

निर्वाचन प्रहरीमा भर्ना हुनका लागि दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्ने छ । उम्मेदवार नेपाली नागरिक हुनुपर्ने, सामान्य लेखपढ गर्न जान्ने, फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, कुनै राजनीतिक दलको सदस्य नरहेको, शारीरिक तथा मानसिकरूपमा स्वस्थ रहेको र आतंककारी वा विध्वंसात्मक संगठनसँग सम्बन्ध नरहेको हुनुपर्ने प्रनाउ विकले बताए ।

उचाइ र तौलतर्फ पुरुषको हकमा न्यूनतम उचाइ पाँच फिट तीन इञ्च, छाती ३१-३३ इञ्च, तौल ५० केजी तथा महिलाको हकमा न्यूनतम उचाइ पाँच फिट, तौल ४२ केजी तोकिएको छ । *रासस*

# महोत्तरीमा चार लाख ३१ हजार मतदाता कायम

**जलेश्वर (प्रस)**– जिल्ला निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक गरेको छ । उक्त कार्यालयका अनुसार जिल्लामा चार लाख ३१ हजार २८२ जना मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले चारवटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा निर्वाचन क्षेत्र नम्बर १ मा ५६ हजार २२२ पुरुष, ४९ हजार ४२२ महिला र अन्य दुई जना गरी जम्मा मतदाता संख्या एक लाख पाँच हजार ६४६ जना कायम भएका छन् ।

यसैगरी, निर्वाचन क्षेत्र नं २ मा ५८ हजार ८६१ पुरुष र ४८ हजार ७३३ महिला, निर्वाचन क्षेत्र नं ३ मा ५९ हजार ९५० पुरुष र ५० हजार ८८६ महिला, निर्वाचन क्षेत्र नं ४ मा ६० हजार १५० पुरुष र ४७ हजार ४५६ महिला कायम भएका निर्वाचन अधिकारी झाले बताइन् ।


**Bagamati Province Government**
**Ministry of Water Supply, Energy & Irrigation**
**Water Supply & Sanitation Sub-Division, Dolakha**

**Invitation for Bids (IFB)**

**First date of publication: January 18, 2026 (BS-2082-10-04)**

Water Supply and Sanitation Sub-Division, Dolakha invites only electronic bids (www.bolpatra.gov.np/egp) for the following goods under National competitive biddings (NCB).

| S.N. | IFB No | Description of Works | Estimate Cost NRs (without VAT) | Bidding Price NRs. | Bid Security NRs. |
|---|---|---|---|---|---|
| 1 | NCB-Goods/04/082-083/ WSSSD-Dolakha | Supply & Delivery of PE-100, NS-40:2079, HDPE Pipe | 1,04,46,816.91 | 3000 | 3,00,000.00 |

1. Interested Manufacturing Companies/Suppliers should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before February 17, 2026 (BS-2082-11-05) 12:00 Noon. Manufacturer's Authorization Letter is obligatory, if a bidder is not a manufacturer himself for the Supply & Delivery of PE-100, NS-40:2079, HDPE Pipe.

**Sub-Division Chief**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७७/११/१९ मा दर्ता भएको **प्रा. लि. नं. २५७७७८** को **सपोर्टिभ एजुकेसन कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**बिमालेख हरायो**

मिति २०८२/०९/१२ गते इमाडोलबाट काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : बिरबतिया देवी**
**ठेगाना : अचलगढ-९, सर्लाही**
**बिमालेख नं.: ११००२०९१५**
**सम्पर्क नं : ९८४१२१८२५५**



**डिभिजन वन कार्यालय कैलालीको काठ लिलाम विक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/०४**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत आ.व. २०८१/०८२ मा हलौडे खोला रा. व. प्लट नं ४ गोदावरी न.पा. १२ कैलालीमा कटान मुछान गरि प्राप्त भएको खयर प्रजातिको गोलिया काठ क्युफिट ९३८/६८, साल गोलिया काठ क्यू फिट ७४/८, खुटीया खोला दहत्तर बहत्तर गौरीगंगा न.पा. ६ प्लट नं. ४ बाट खयर प्रजातिको गोलिया काठ क्युफिट ५५३।७४ खुटीया खोला दहत्तर बहत्तर प्लट नं ३ र गोदावरी खोला दहत्तर बहत्तर प्लट नं २ गोदावरी न.पा. ४ बाट खयर गोलिया काठ ६४२/१२ क्यु फिट, गोदावरी खोला दहत्तर बहत्तर प्लट नं २ गोदावरी न.पा. ४ सिसौ गोलिया काठ १०५/५२ क्यु फिट र साल गोलिया काठ २७/२६ क्युफिट लिलाम विक्री गर्नु पर्ने भएको हूदा उक्त काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरि शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नू पर्ने भएकोले खयर प्रजाति बाहेकको गोलिया काठको हकमा मुल्य अभिवृद्धि करमा दर्ता भई सूचिकृत भएका स:मिल काष्ठ व्यवसायीहरूले र खयर गोलिया काठको हकमा मुल्य अभिवृद्धि करमा दर्ता भई सूचिकृत भएका कत्था उद्योगहरूले मात्र यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र श्री वन निर्देशनालय, सूदुरपश्चिम प्रदेश धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरि शिलवन्दी वोलपत्र २२ (वाईसौं) दिनमा दिनको ३:०० बजेभित्र डिभिजन वन कार्यालय कैलालीमा दाखिला गर्न यो सुचना आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत विवरण सहितको जानकारीको सूचना यस कार्यालय तथा सम्बन्धित अन्य कार्यालयको सूचना बोर्डमा टांस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।



**युएइमा रोजगार**

**कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING ( BR. OF BERKELEY SERVICES UAE LLC**

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 331134 | चलानी नं. ६०२४४८९७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 200 | 0 | 1000 | ३९,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: एसिया पार्टी प्यालेस मिलनचोक, रूपन्देहीमा मिति २०८२ माघ १४ गते (28th Jan. 2026) मा हुनेछ ।**
**संस्थाको कार्यालय काठमाडौंमा मिति २०८२ माघ १५ गते (29th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Proficient Employment Services Pvt.Ltd**
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-4970500/4970600



**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जनस्वास्थ्य कार्यालय**
**रामेछाप, नेपाल**

**विद्युतीय बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२।१०।०४**

यस कार्यालयको तपशिल बमोजिमको निर्माण सम्बन्धी कार्य विद्युतिय बोलपत्र (E-Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले ईजाजत प्राप्त निर्माण ब्यासायिहरूबाट रितपुर्क १ महिने सूचना मार्फत बोलपत्र आव्हान गरिएको छ ।

**तपशिल**

| ठेक्का नं | निर्माण सम्बन्धि बिवरण | फर्म/फाराम खरिद दस्तुर | बैंक जमानत/Bid Bond रकम रू | बोलपत्र जमानत मान्य अबधि | लागत अनुमान रकम मु.अ.कर र PS सहित |
|---|---|---|---|---|---|
| PHOR/WORKS/ NCB/2082/083-01 | स्टोर भवन निर्माण | ३०००.०० | ८८०००.०० | १२० दिन | ३५३६२३६.३८। |

Name of the Bank: Rastriya Banijya Bank, Manthali/Ramechhap
Name of Office: Public Health Office, Ramechhap
Office Code no.: 3700124143
Account no.:1000100200010000
Rajaswa (revenue) Shirshak no.: 14229 (Bid fee: -3000)
धरौटी खाता नं:- प्रदेश लेखा ईकाई कार्यालय मन्थली रामेछापको खाता न.1680100202030000
बिस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website :-www.bolpatra.gov.np/eGP मा हेर्न सूचित गरिन्छ ।

**विभु कुमार झा, कार्यालय प्रमुख**



**Sunawarshi Municipality**
**Office of The Municiple Executive**
**Dainiya, Morang**
**Koshi Province**

**Invitation For Sealed Quotation (Second Publication)**

**Published Date: 2082/10/04 (2026/01/18)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites hand bids from eligible bidder for the procurement of the following works and goods under sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & Ps) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/SQ/ NEA/082/83-01 | Sadak batti tar kharid gari jadan | 16,37,751.85/-(Works) | 40,000 /- | 1000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through office of sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178**
4. A complete Set of Bidding Documents May be purchased from the Office Of sunawarshi Municipality Dainiya Morang By hard copy from Office of sunawarshi Minicipality, Dianiya, Morang. Bidders, submitting their bid as hand copy, should deposit the cost (non-refundable fee of Nrs 1000/- on or Before 2082/10/18 during office hours.) of bidding docuzment in the Project's Dharauti Kosh Khata account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of hard copy submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality as hardcopy on before 12:00 noon on 2082/10/19. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Magh, 19, 2082 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

# टुँडिखेलमा आजदेखि सोनाम ल्होछार सांस्कृतिक महोत्सव

■ प्रभाव संवाददाता

**काठमाडौं–** सोनाम ल्होछारको अवसरमा आजदेखि टुँडिखेलमा विशेष तामाङ सांस्कृतिक महोत्सव सुरु हुँदै छ । नेपाल तामाङ घेदुङलगायत विभिन्न संघ संस्थाले संयुक्त रूपमा महोत्सव आयोजना गर्न लागेका हुन् ।

महोत्सवका लागि घेदुङका अध्यक्ष मोहन गोले तामाङको संयोजकत्वमा १०१ सदस्यीय राष्ट्रिय सोनाम ल्होछार-२८६२ ता ल्होछार मूल समारोह समिति गठन गरिएको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । सोनाम ल्होछारअन्तर्गत पर्व यस वर्ष मञ्जुश्री सम्वत् २८६२ 'ता ल्हो' (घोडा वर्ष) लाई स्वागत गरिँदै छ । सर्प वर्षको बिदाइ र घोडा वर्षको स्वागतका साथ सामूहिकरूपमा ल्होछार मनाउन टुँडिखेलमा महोत्सव आयोजना गरिएको मूल समारोह समितिले जानकारी दिएको छ ।

आजबाट सुरु हुने महोत्सवको दोस्रो दिन सोमबार आयोजना हुने विशेष समारोहमा प्रधानमन्त्री सुशीला कार्की प्रमुख आतिथिको रूपमा उपस्थित हुने भएकी छन् । 'यही माघ ४ र ५ गते मनाइने महोत्सवमा तामाङ जातिको सांस्कृतिक संस्थाहरू ताम्बा, बोन्बो तथा लामाको विशेष सांस्कृतिक झाँकी प्रदर्शन, परम्परागत गीत, नृत्यहरूको साथमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा चर्चित तथा ख्यातीप्राप्त अतिथि कलाकार हरूको प्रस्तुति रहने,' मूल समारोह समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

महोत्सवमा तामाङ समुदायको विशेष खानाको परिकारहरू, तामाङ भेषभूषाहरू, तामाङ जातिसँग सम्बन्धित पुस्तक तथा अन्य तामाङ जातिको पहिचान झल्किने परम्परागत वस्तुहरूलाई विभिन्न स्टलहरूमा बिक्री तथा प्रदर्शनी गरिने जानकारी दिइएको छ ।

'विगत ३५ वर्षदेखि लाखौं दर्शक महानुभावहरूको उपस्थितिबीच भव्य र उल्लासमय वातावरणमा मनाउँदै आएको सोनाम ल्होछार पर्वलाई यस वर्ष अझ भव्य र सभ्य ढंगले सम्पन्न गर्ने लक्ष्य लिइएको छ,' मूल समारोह समितिका संयोजक गोलेले भने ।

नेपाल तामाङ घेदुङ संयोजक र नेपाल राष्ट्रिय तामाङ घेदुङ सहसंयोजक तथा अन्य सबै तामाङ संस्थाहरू सदस्य रहनेगरी १०१ सदस्यीय मूल समारोह समिति गठन गरी मूल समारोह समिति मातहत रहनेगरी सांस्कृतिक कार्यक्रम समिति, ताम्बा, लामा, बोन्बो तयारी समिति, स्वयंसेवक तयारी समिति, प्रचार प्रसार समिति, स्वागत, सत्कार समिति, मञ्च व्यवस्थापन समितिहरू गठन गरिएको संयोजक गोलेले बताए ।

तामाङ जातिको सामाजिक, सांस्कृतिक एवं धार्मिक जीवनमा ल्होछार परम्पराको विशिष्ट स्थान र अत्यन्तै महत्त्वपूर्ण भूमिका रहेको छ । यो गणितमा आधारित ल्हो परम्परा तामाङ संस्कृतिकै अभिन्न अंग हो । यसले तामाङ जातिको उद्गम, सभ्यता, सांस्कृतिक अस्तित्व र पहिचानलाई समेत प्रतिविम्बित गर्दछ । 'ल्हो'को अर्थ साल, सम्वत्, वर्ष, उमेर र 'छार'को अर्थ नयाँ अर्थात् ल्होछारको अर्थ नयाँ वर्ष हो । विभिन्न १२ वटा पशुपन्छीकों नामबाट ल्होको नाम राखिएको हुन्छ । तीमध्ये प्रत्येक वर्ष एक-एक वटा ल्हो फेरिन्छ । यही ल्हो फेरिने दिनलाई तामाङ भाषामा ल्हो पोबा, ल्हो दोबा वा ल्होछार भनिने संयोजक गोलेले बताए ।

तामाङ समुदायले मान्ने ल्होछार (नयाँ वर्ष) चन्द्र पात्रोको पहिलो महिनाको पहिलो दिन अर्थात् प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदादेखि सुरु हुने उनले बताए । 'यो परम्परा कहिले सुरु भएको भन्न नसकिए पनि यसलाई चिनियाँ सभ्यतासँगै आजभन्दा ४७०० वर्ष अगाडि विकास भएको कुरा चिनियाँ ज्योतिषशास्त्रको इतिहासबाट प्रमाणित हुन्छ । यो ल्होछार पर्व नेपालमा मात्र होइन चीन, मंगोलिया, जापान, हङकङ, भियतनाम, लाओस, थाइल्याण्ड, ताइवान, मलेसिया, सिंगापुर आदि देशहरूमा पनि चन्द्रमासमा आधारित यही ल्होछार (नयाँ वर्ष) मनाउने गर्छन्,' संयोजक गोलेले भने ।

उनका अनुसार नेपालका तामाङसहित हयोल्मो, मनांगे, हुम्ली तामाङ, डोल्पो, तोप्केगोला, सिङ्सा, ताङ्बे, थकाली, जिरेल, खाममगर, दुरा, भोटे, नेस्याङबा र केही शेर्पाले सोनाम ल्होछार मान्दछन् ।

# राष्ट्रिय सभाको अधिवेशन आजदेखि

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाको १९औं अधिवेशन आज माघ ४ गते आइतबारदेखि सुरु हुँदै छ । नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा रहेको संसद् भवन जेन-जी आन्दोलनका क्रममा जलेर ध्वस्त भएकाले संघीय संसद् सचिवालय, सिंहदरबारमा अधिवेशन सञ्चालन हुने छ ।

अधिवेशनको तयारीका लागि अध्यक्ष नारायणप्रसाद दाहालले शुक्रबार कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान गरेका थिए । अधिवेशनको पहिलो बैठकमा अध्यक्ष दाहालले राष्ट्रपतिबाट अधिवेशन आह्वानको पत्र पढेर सुनाउने र हालै निधन भएका नेपाली कांग्रेसका सांसद बलदेव बोहराप्रति शोकप्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको छ ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले अधिवेशनको सबै तयारी पूरा भएको जानकारी दिए । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालले संविधानको धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को गत पुस २८ गतेको सिफारिसमा आज माघ ४ गते आइतबारका दिन ११:०० बजे राष्ट्रिय सभाको अधिवेशन आह्वान गरेका थिए । गत भदौ ३१ गते राष्ट्रिय सभाको १८औं अधिवेशन अन्त्य भएको थियो ।

यसैबीच, निर्वाचन आयोगले यही माघ ११ गते राष्ट्रिय सभाको १९ सदस्यका लागि निर्वाचनको तयारी पनि गरेको छ । राष्ट्रिय सभा सदस्यमा एकजना निर्विरोध निर्वाचित भइसकेको आयोगले जानकारी दिएको छ ।

## धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति: २०८२।१०।०४**

यस सहकारी संस्थाबाट ऋण लिनुभएका तपसिलका ऋणी सदस्यले ऋण लिँदाको शर्त तथा भाखा बमोजिम तिर्नु पर्ने साँवा व्याज र हर्जाना रकम समयमा नतिरी पटक पटक लिखित एवं मौखिक ताकेता गर्दा तथा पत्रिकाहरूमा ३५ दिने तथा १५ दिने सूचनाहरू प्रकाशन गरी तरताकेता गर्दा समेत सो कर्जा तिर्न बुझाउन नआउनु भएकोले यो सूचना प्रकाशन गरिएको छ । तसर्थ यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण रकम तिर्न बुझाउन आउनु हुन ऋणी तथा धन जमानी कर्ता समेतलाई अनुरोध गरिएको छ । अन्यथा यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा संस्था सँग ऋण लिँदा गरेको लिखित सम्झौता, सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५, काठमाडौं महानगरपालिका सहकारी ऐन २०७४ को दफा ५८, संस्थाको विनियम, निति तथा प्रचलित कानुन बमोजिम यस संस्थाको नाममा धितो रोक्का कायम रहेको तपसिलमा उल्लेखित घर/जग्गा यस संस्थाको मुख्य कार्यालय रहेको काठमाडौ जिल्ला का.म.न.पा वडा नं.२२, वटु, स्थित कार्यालयमा मिति २०८२ फाल्गुन १० गते दिनको ११:०० बजे लिलाम बिक्री गरी यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने भएकोले तपसिल बमोजिमका घर/जग्गा यथास्थितिमा लिलाम बढाबढ गर्न उल्लेखित मिति भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आउनुहुन इच्छुक सर्वसाधारण/संस्थालाई र सम्बन्धित ऋणी तथा जमानीकर्ता एवं सम्पत्ति धितो बन्धक लेखिलिने सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । ऋणीको धितो लिलामबिक्रि गर्दा समेत संस्थाको लेना रकमको साँवाव्याज, हर्जाना र विविध खर्च असुल नभए ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघर परिवारका सदस्यहरूको नाममा रहेका भएका चलअचल सम्पत्तिबाट समेत असुलउपर गरि लिने र ऋणी तथा जमानी कर्तालाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न लेखी पठाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लिलामबिक्रीगर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहीँ कतै उजुरबाजुर गर्न पाइने छैन । यस सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा शिलबन्दी बोलपत्र खरिद र दर्ता गर्न सकिनेछ । लिलाम हुने दिन बिदा परेमा सो पछि कार्यालय खुल्ने दिनमा लिलाम हुने छ । लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार संस्थालाई हुनेछ । कसैले बोलकबोल नगरेमा सम्बन्धित धितो राखिएको सम्पत्ति यस संस्था आफैंले सकार गर्ने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ । धितो लिलाम सम्बन्धी अन्यशर्तहरू बोलपत्र फारममा उल्लेख भएबमोजिम हुनेछ । न्यूनतम कबोल अंक बोलपत्र फाराममा उल्लेख गरिएको छ । साथै धितो निरीक्षण सम्बन्धी जानकारी तथा अन्य थप जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| ऋणीको तिन पुस्ते नाम तथा ठेगाना: | जमानी दिनेको तिन पुस्ते नाम तथा ठेगाना: | धितोको विवरण |
|---|---|---|
| **नाम : बाबुलाल रोक्का**<br>बाबु : सुकदेव रोक्का<br>बाजे : डोल बहादुर रोक्का<br>स्थायी ठेगाना: धादिङ जिल्ला, सांकोष, वडा नं.४ (हाल नीलकण्ठ न.पा. वडा नं.१३),<br>अस्थायी ठेगाना: का. जि. का.म.न.पा. वडा नं.१६, ठमेल<br>ना.प्र.नं.२६-२२९४६, धादिङ २०५४/१०/०७ | **नाम : कमला रोक्का**<br>बाबु : मानबहादुर नेपाली<br>बाजे : दलबहादुर नेपाली<br>स्थायी ठेगाना : धादिङ जिल्ला, सांकोष गा.वि.स, वडा नं.४,<br>अस्थायी ठेगाना: का.जि. का.म.न.पा. वडा नं.१६, ठमेल<br>ना.प्र.नं.२६३०२८/१४३, धादिङ २०६३/१०/२५ | धादिङ जिल्ला, सांकोष गा.पा. (हाल निलकण्ठ न.पा.) वडा नं.३/३(ख), कित्ता नं.१०८, क्षेत्रफल १०-४-२-३ (५,२३६.४४व.मि.) |

Saving & Credit Co-operative Ltd.
ॐ सूर्य बचत तथा ऋण सहकारी संस्था लि.
वटु, न्यूरोड, का.म.न.पा.–२२ काठमाडौं, फो.नं.५३२०२४३

## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मिति: २०८२।१०।०४ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।१०।११ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:**

**१. ऋणीको नामः टु.टु. सोफा इण्डष्ट्रिज एण्ड ट्रेडिङ्ग हाउस प्रा. लि.** **कर्जा शिर्षकः** अपरिवर्त्य प्रतितपत्र, चालुपूंजी कर्जा, डिमाण्ड कर्जा, बैंक जमानत, क्यास क्रेडिट र ट्रष्ट रिसिप्ट कर्जा

(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २३५२५२/०७६/०७७, दर्ता मितिः २०७६/११/१३, स्थायी लेखा नं.: ६०९७३०१३७, ठेगानाः काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ ।

**शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताहरू:**

**क. भेष राज कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९ ३८०/३२१४(२०४६/०३/०३/सर्लाही), बाजेको नामः रत्न बहादुर कार्की, बाबुको नामः उदय बहादुर कार्की, ठेगानाः सर्लाही जिल्ला, जब्दी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ ।

**ख. श्रीराम श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७९८(२०४५/०२/११/काठमाडौं), बाजेको नामः न्हुच्छे श्रेष्ठ, बाबुको नामः पृथ्वी मान श्रेष्ठ, ठेगानाः काठमाडौं जिल्ला, चुनिखेल गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**

**क. जय श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २७४३६६९/२३९६(२०६३/०८/१८/काठमाडौं), बाजेको नामः पृथ्वी मान श्रेष्ठ, बाबुको नामः श्रीराम श्रेष्ठ, ठेगानाः काठमाडौं जिल्ला, चुनिखेल गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ ।

**ख. केशरी कुमारी कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६५९/५१३३(२०४४/११/२३/सिन्धुली), बाबुको नामः भुपेन्द्र कार्की, ससुराको नामः उदय बहादुर कार्की, पतिको नामः भेष राज कार्की, ठेगानाः सिन्धुली जिल्ला, लदाभीर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ ।

**ग. शिवहरि श्रेष्ठः** ना.प्र.प.नं(जारी मिति/स्थान): २७१०१८/२१७७(२०६३/१२/०९/काठमाडौं), बाजेको नामः पृथ्वी मान श्रेष्ठ, बाबुको नामः श्रीराम श्रेष्ठ, ठेगानाः काठमाण्डौं जिल्ला, चुनिखेल गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ ।

**घ. तिलीसारा कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६७५२३७२(२०४३/०९/१५/सर्लाही), बाबुको नामः हस्त बहादुर राणा क्षेत्री, ससुराको नामः रत्न बहादुर कार्की, पतिको नामः उदय बहादुर कार्की. ठेगानाः सर्लाही जिल्ला, जब्दी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ ।

**लिलाम हुने धितोको विवरण :**

**क.** हस्त बहादुर राणा क्षेत्रीको छोरी, रत्न बहादुर कार्कीको बुहारी, उदय बहादुर कार्कीको पत्नी, सर्लाही जिल्ला, जब्दी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ बस्ने **तिलीसारा कार्की**को नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, कपन गा.वि.स./न.पा., वडा नं. ३ स्थित कि.न. ३०१ को क्षेत्रफल ११५.३० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** न्हुच्छे श्रेष्ठको नाति, पुथ्वी मान श्रेष्ठको छोरा, काठमाडौं जिल्ला, चुनिखेल गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ११ बस्ने **श्रीराम श्रेष्ठ**को नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, कपन गा.वि.स./न.पा., वडा नं. ४ स्थित कि.न. २६ र २९ को क्षेत्रफल क्रमशः ६९.१९ र ३७७.२० व.मि.को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः ईरम फुटवयर** **कर्जा शिर्षकः** ओभरड्राफ्ट कर्जा, डिमाण्ड कर्जा, बैंक जमानत कर्जा र सवारी साधन कर्जा

(प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय दाङमा दर्ता रहेको), दर्ता नं.: ११६५५/५१५, दर्ता मितिः २०७५/०१/२८, स्थायी लेखा नं.: ६०७३२०२९७, ठेगानाः दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ ।

**प्रोप्राईटरः**

**हुसिन बक्सः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५२१३१(२०५९/०२/१०/सुर्खेत), बाजेको नामः सलार बक्स, बाबुको नामः अमिर बक्स, ठेगानाःसुर्खेत जिल्ला,लटिकोइली गा.वि.स.वडा नं.९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला,तुल्सीपुर उ.म.न.पा.वडा नं.५ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. जलाल बक्सः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६५-०१-७२-०२५५२(२०७२/०५/२४/सुर्खेत), बाजेको नामः सलार बक्स, बाबुको नामः अमिर बक्स, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा.वडा नं.१६ स्थायी ठेगाना भई हाल दाङ जिल्ला,तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ ।

**ख. हसिना बानुः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७४-०२५२० (२०७४/०४/१९/सुर्खेत), बाबुको नामः सत्तार खो, ससुराको नामः अमिर बक्स, पतिको नामः जलाल बक्स, ठेगाना. सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा.वडा नं.१० स्थायी ठेगाना भई हाल दाङ जिल्ला,तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ ।

**ग. अमिर बक्सः** ना.प्र.प.नं (जारी मिति/स्थान): २७९५(२०४४/१२/१७/सुर्खेत), बाजेको नामः ससुल बक्स, बाबुको नामः सलार बक्स, ठेगानाः सुर्खेत जिल्ला,लटिकोइली गा.वि.स.वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला,तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ ।

**घ. अमिरन विविः** ना.प्र.प.नं (जारी मिति/स्थान): २७९६(२०४०/१२/१७/सुर्खेत), ससुराको नामः सलार बक्स, पतिको नामः अमिर बक्स, ठेगानाः सुर्खेत जिल्ला,लटिकोइली गा.वि.स., वडा नं.९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला,तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ ।

**ङ. हसिना मियाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४१०२०/९९६५६(२०३७/०७/२७/सुर्खेत), बाबुको नामः करिम बक्स मिया, ससुराको नामः अमिर बक्स, पतिको नामः हुसिन बक्स, ठेगानाः सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स.,वडा नं.९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ ।

**लिलाम हुने धितोको विवरणः**

**क.** ससुल बक्सको नाति, सलार बक्सको छोरा, सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ बस्ने **अमिर बक्स**को नाममा मालपोत कार्यालय सुर्खेत को लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स.वडा नं. ३ स्थित कि.न. ३१३० र ४४०१ को क्षेत्रफल क्रमशः ०-०-८ $^{1/2}$ र ०-०-९ को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ख.** करिम बक्स मियाको छोरी, अमिर बक्सको बुहारी, हुसिन बक्सको पत्नी, सुर्खेत जिल्ला, लटिकोइली गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ५ बस्ने **हसिना मिया**को नाममा मालपोत कार्यालय तुलसीपुर, दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, लाहुरेचोर गा.वि.स. वडा नं. २ ग स्थित कि.न. १३०७ को क्षेत्रफल ९१ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्णलिगलगापात समेत ।

**३. ऋणीको नामः पोखरा पाटन माई मत्स्य फार्म** **कर्जा शिर्षकः** चालुपूँजी कर्जा र आवधिक कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया बारामा दर्ता रहेको), दर्ता नं.: ६५१२/४३२/०७४/७५, दर्ता मितिः २०७४/११/०२, स्थायी लेखा नं.: ६०७५५१४३३, ठेगानाः बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ ।

**प्रोप्राईटरः**

**सुरेश प्रसाद साहः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३०१९/२८३२(२०६३/१०/२०/बारा), बाजेको नामः नथुनी साह कानु, बाबुको नामः जोखु साह कानु, ठेगानाः बारा जिल्ला, महेन्द्र आदर्श गा.वि.स. वडा नं. १ हाल परिवर्तित ठेगाना बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताहरू :**

**क. जोखु सा कानुः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९०९/१४७९(२०४१/१२/२५/बारा), बाजेको नामः लालमन सा कानु, बाबुको नामः नथुनी सा कानु, ठेगानाः बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ ।

**ख. दिनेश प्रसाद साह कानुः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३१०१९/८८१९(२०६५/०६/०३/बारा), बाजेको नामः नथुनी सा कानु, बाबुको नामः जोखु सा कानु, ठेगानाः बारा जिल्ला, महेन्द्र आदर्श गा.वि.स. वडा नं. १ हाल परिवर्तित ठेगाना बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ ।

**ग. रमेश प्रसाद साहः** ना.प्र.प.नं (जारी मिति/स्थान): २१६९/२०८२(२०५९/०५/२०/बारा), बाजेको नामः नथुनी सा कानु, बाबुको नामः जोखु सा कानु, ठेगानाः बारा जिल्ला, महेन्द्र आदर्श गा.वि.स. वडा नं. १ हाल परिवर्तित ठेगाना बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ ।

**घ. फुलमतिया कनुइनः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९१०/१४८२(२०४५/०१/२३/बारा), ससुराको नामः नथुनी सा कानु, पतिको नामः जोखु सा कानु, ठेगानाः बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ हाल परिवर्तित ठेगाना बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ ।

**ङ. पुनकाली देवीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३०१९/१५१९(२०६३/१०/२१/बारा), बाबुको नामः अमिरी लाल साह कानु, ससुराको नामः जोखु साह कानु, पतिको नामः सुरेश प्रसाद साह, ठेगानाः बारा जिल्ला, महेन्द्र आदर्श गा.वि.स. वडा नं. १ हाल परिवर्तित ठेगाना बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ ।

**लिलाम हुने धितोको विवरणः**

लालमन सा कानुको नाति, नथुनी सा कानुको छोरा, बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ बस्ने **जोखु सा कानु**को नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, भगवानपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.न. ५५, ३४ र २१ को क्षेत्रफल क्रमशः ०-१३-०, ०-१२-१५ र ०-३-५ विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः निकलेस किराना पसल** **कर्जा शिर्षकः** आवधिक कर्जा

(घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा दर्ता रहेको), दर्ता नं.: १४४२४/२०७७/०७८, दर्ता मितिः २०७८/०३/३०, स्थायी लेखा नं.: ६१६०६०७२४, ठेगानाः सिराहा जिल्ला, अर्नमा गा.पा., वडा नं. ३ ।

**प्रोप्राईटरः**

**विमला देवि यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०२२५३२८५(२०५५/०८/०२/सिराहा), बाबुको नामः गंगा राम यादव, ससुराको नामः सियाराम यादव, पतिको नामः गुरू देव यादव, ठेगानाः सिराहा जिल्ला, अर्नमा प्र.पि. गा.वि.स., वडा नं. ७।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. गुरू देव यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४६३/७/३६६(२०४४/१०/०१/सिराहा), बाजेको नामः मौजे यादव, बाबुको नामः सियाराम यादव, ठेगानाः सिराहा जिल्ला, अर्नमा गा.वि.स., वडा नं.७।

**ख. निकलेश कुमार यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५-०१-७०-०८१७५(२०७०/०३/१२/सिराहा), बाजेको नामः सियाराम यादव, बाबुको नामः गुरू देव यादव, ठेगानाः सिराहा जिल्ला, अर्नमा प्र.पि. गा.वि.स., वडा नं.७।

**ग. नबिन कुमार यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५१०५६/१९९३५(२०६८/१२/१२/सिराहा), बाजेको नामः सियाराम यादव, बाबुको नामः गुरू देव यादव, ठेगानाः सिराहा जिल्ला, अर्नमा प्र.पि. गा.वि.स.,वडा नं.७।

**लिलाम हुने धितोको विवरण :**

मौजे यादवको नाति, सियाराम यादवको छोरा, सिराहा जिल्ला, अर्नमा गा.वि.स., वडा नं.७ बस्ने **गुरू देव यादव**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, अर्नमा प्र.पि. गा.वि.स./न.पा. वडा नं. ७/क स्थित कि.न. ८६८ र ३२८३ को क्षेत्रफल ०-५-१७ र ०-०-१०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण गलगापात समेत ।

**५. ऋणीको नामः संस्कृति मत्स्य फार्म** **कर्जा शिर्षकः** चालुपूंजी आवधिक कर्जा

(प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा जनकपुरधाममा दर्ता रहेको), दर्ता नं.: १४८२०/३०६/०७८/०७९, दर्ता मितिः २०७८/०५/०७, स्थायी लेखा नं.: १११७११६३३, ठेगानाः धनुषा जिल्ला, विदेह न.पा. वडा नं. ४, ठाडिभिझा ।

**प्रोप्राईटरः**

**बलराम मिश्रः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९४८१४३१२(२०७०/०३/१०/धनुषा), बाजेको नामः दुखी मिश्र, बाबुको नामः इन्द्रकान्त मिश्र, ठेगानाः धनुषा जिल्ला, ठाडीभिझा गा.वि.स. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. इन्द्रकान्त मिश्रः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९४८१००११(२०३४/०१/०१/धनुषा), बाजेको नामः बलदेव मिश्र, बाबुको नामः दुखी मिश्र, ठेगानाः धनुषा जिल्ला, ठाडीभिझा गा.वि.स. वडा नं. १ ।

**ख. काजल देवी मिश्रः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७३०१४/२१(२०७०/०२/१५/धनुषा), बाबुको नामः सुफल झा, ससुराको नामः इन्द्रकान्त मिश्र, पतिको नामः बलराम मिश्र, ठेगानाः धनुषा जिल्ला, ठाडीभिझा गा.वि.स. वडा नं. १ ।

**ग. विमला देवी मिश्रः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९४८१३१७३(२०४५/०२/०४/धनुषा), ससुराको नामः दुखी मिश्र, पतिको नामः इन्द्रकान्त मिश्र, ठेगानाः धनुषा जिल्ला, ठाडीभिझा गा.वि.स. वडा नं. १ ।

**लिलाम हुने धितोको विवरण :**

**क.** बलदेव मिश्रको नाति, दुखी मिश्रको छोरा, धनुषा जिल्ला, ठाडीभिझा गा.वि.स. वडा नं. १ बस्ने **इन्द्रकान्त मिश्र**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, ठाडीभिझा गा.वि.स./न.पा. वडा नं. १/क स्थित कि.न. १३९७ को क्षेत्रफल ०-१-२-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** दुखी मिश्रको बुहारी, इन्द्रकान्त मिश्रको पत्नी, धनुषा जिल्ला, ठाडीभिझा गा.वि.स. वडा नं. १ बस्ने **विमला देवी मिश्र**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, ठाडीभिझा गा.वि.स./न.पा. वडा नं. १/क स्थित कि.न. १३९६ को क्षेत्रफल ०-१-४-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**६. ऋणीको नामः पितमाया तिवारी** **कर्जा शिर्षकः** कृषि कर्जा/आवधिक कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ११३६ (२०४५/०२/०६/गोरखा), बाबुको नामः रतन प्रसाद भट्ट, ससुराको नामः केदारनाथ तिवारी, पतिको नामः यदु प्रसाद तिवारी, ठेगानाः गोरखा जिल्ला, थुमी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १३ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. सुमित्रा तिवारीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४४-०१-७३-०५३०२ (२०७३/०५/२९/गोरखा), बाजेको नामः केदारनाथ तिवारी, बाबुको नामः यदु प्रसाद तिवारी, ठेगानाः गोरखा जिल्ला, थुमी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १३ ।

**ख. लक्ष्मी बगालेः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४४१०४१/१९७ (२०६६/०८/१०/गोरखा), बाबुको नामः यदु प्रसाद तिवारी, ससुराको नामः देवी प्रसाद बगाले, पतिको नामः राम प्रसाद बगाले, ठेगानाः गोरखा जिल्ला, बगुवा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १३ ।

**ग. यदु प्रसाद तिवारीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४४१०५२/२२ (२०६४/०५/१०/गोरखा), बाजेको नामः जगनाथ तिवारी, बाबुको नामः केदारनाथ तिवारी, ठेगानाः गोरखा जिल्ला, थुमी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १३ ।

**घ. विमल तिवारीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४४१०५२/३७० (२०६७/०९/११/गोरखा), बाजेको नामः केदारनाथ तिवारी, बाबुको नामः यदु प्रसाद तिवारी, ठेगानाः गोरखा जिल्ला, थुमी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १३ ।

**लिलाम हुने धितोको विवरण :**

रतन प्रसाद भट्टको छोरी, केदारनाथ तिवारीको बुहारी, यदु प्रसाद तिवारीको पत्नी, गोरखा जिल्ला, थुमी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १३ बस्ने **पितमाया तिवारी**को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. ५/क स्थित कि.न. ३६८७ र ३७४९ को क्षेत्रफल ०-०-३.२५-० र ०-०-४.७५-० विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank, The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## रविको संरक्षणमा कानुनको बलिदान रोकियोस्

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध दर्ता भएको संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग सरकारकै हस्तक्षेपमा संशोधन हुँदै छ । परिणामस्वरूप रविमात्र होइन, १५३ जना प्रतिवादी सोही प्रकृतिको गम्भीर अभियोगबाट उन्मुक्त हुँदै छन् । प्रचलित कानुनअनुसार सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता लिन मिल्दैन । तर, पूर्वप्रधानन्यायाधीश प्रधानमन्त्री, सर्वोच्चका पूर्वन्यायाधीश अनिलकुमार सिन्हा कानुनमन्त्री र संवैधानिक कानुनका जानकार अधिवक्ता ओमप्रकाश अर्याल गृहमन्त्री छँदा महान्यायाधिवक्ता सविता भण्डारीले रविसहित १५४ जनाकै सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा फिर्ता गर्ने निर्णय लिइन् ।

यो केवल कानुनी प्रक्रिया होइन, सुशीला कार्की सरकारबाट राजनीतिक प्राथमिकता र शक्तिशालीको संरक्षणको स्पष्ट संकेत हो । यसले अनुसन्धानले प्रमाणित पाँच अर्ब रूपैयाँभन्दा बढी रकमलाई वैध बनाउने बाटो खोलिदिएको छ । रविलाई सांसद हुँदै मन्त्री हुने बाटो पनि खोलिदिएको देखिएको छ ।

नागरिक सरकारले यस्तो कदम चाल्दा मुख्य मतियार भनिएका फरार जिबी राई नेपालबाहिर छन् । सुपुर्दगी कानुन नहुँदा उनलाई ल्याउन नसकिने अवस्थामा सम्पत्ति शुद्धीकरणको अभियोग हटाउनु सरकारको अपराध संरक्षणको प्रत्यक्ष कदम हो । यस्तो अवस्थामा कानुन र न्याय प्रणाली सामान्य नागरिकको हितमा होइन, केवल शक्तिशालीको हितमा प्रयोग भएको छ ।

सरकारले बारम्बार नेपाललाई 'ग्रे' सूचीबाट निकाल्ने प्रतिबद्धता जनाउँछ । तर, यस निर्णयले नै सहकारी ठगीबाट आर्जित सम्पत्ति वैध बनाउन सहयोग गरेको छ, जसले सरकारी प्रतिबद्धता केवल शब्दमै सीमित रहेको देखाउँछ । एफटिएफले नेपालको वित्तीय प्रणालीलाई निगरानीमा राखेको बेला यस्तो कदमले देश कालोसूचीको जोखिममा फस्ने खतरा बढाउँछ । त्यसो हुँदा कार्की सरकारले जवाफ दिनुपर्छ– के न्याय प्रणालीको काम सत्ता र प्रभावशालीको संरक्षण गर्नु हो ? कि सहकारी ठगीमा परेका बचतकर्ताको बचत सुरक्षाको ग्यारेण्टी गर्नु हो ?

यदि, यस्तै सम्पत्ति शुद्धीकरणसम्बन्धी कडा मुद्दामा लचिलोपन जारी रह्यो भने कानुनको शासन नाममात्रको हुने छ । अपराधीलाई सुरक्षा, नागरिकलाई जोखिम र देशको अन्तर र्राष्ट्रिय प्रतिष्ठा संकटमा । यस्तो परिणामको पूर्णजिम्मेवारी सरकारले लिनुपर्छ । सरकारले न्याय र कानुनको संरचना भत्काउने निर्णय लिएर राजनीतिक सुविधा र व्यक्तिगत संरक्षणलाई सर्वोपरि ठानेको देखिन्छ । यस्तो अवस्थाले भ्रष्टाचारलाई बल दिन्छ । जबकि, अहिलेको नागरिक सरकार गठनको पृष्ठभूमि सुशासन कायम र भ्रष्टाचार नियन्त्रणको माग गर्दै २३ र २४ भदौमा भएको जेन–जी विद्रोह हो । तर, कार्की सरकार भने ठीक उल्टो बाटोमा हिंडेको छ ।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# शिक्षामा स्वजागरणको अभ्यास



❑ कमला ज्ञवाली

"शिक्षा विषयगत ज्ञानको सञ्चयमात्र नभई स्वयम् लाई चिन्ने, आत्मज्ञान प्राप्त गर्ने र अन्तरनिहीत जीवन ऊर्जालाई जागृत गराउने प्रक्रिया हो । हरेक व्यक्तिभित्र खुसी, शान्ति, आनन्द र आरोग्य विद्यमान भए पनि स्वजागरणको अभावका कारण मानिसले ती मूल्य बाहिरी धन, पद र प्रतिष्ठामा खोजिरहेको छ । आत्मज्ञानबिनाको शिक्षा प्रभावहीन हुन्छ र यही कमजोरीका कारण वर्तमान शिक्षा प्रणालीले व्यक्ति र समाजलाई सन्तुलित, खुसी र नैतिक बनाउन सकेको छैन । राष्ट्रको समृद्धि व्यक्तिगत स्वजागरणबाट सुरू हुन्छ । सोचाइ र चेतनामा परिवर्तन नगरी संरचना र स्रोतमात्र सुधारेर समस्या समाधान हुँदैन । परिवर्तन सानो कामबाट, आफूबाट सुरू हुनुपर्छ ।

भगवान् गौतमबुद्धको भनाइमा स्वयंलाई चिन्नु वास्तविक शिक्षा हो । भगवान् गौतमबुद्ध स्वयंलाई चिनेको र स्वजागृत भएको व्यक्ति हो, कुनै औपचारिक शिक्षा र जिपिए प्राप्त व्यक्ति होइन । हरेक व्यक्तिभित्र अन्तरनीहित प्रतिभा/जीवन ऊर्जा रहेको हुन्छ । त्यो जीवन ऊर्जालाई जगाउने काममात्र शिक्षाको हो । हरेक व्यक्ति स्वयं आफैंबाट जाग्यो भनेमात्र राष्ट्र जाग्छ, समृद्धि हुन्छ । हरेक व्यक्तिमा खुसी, शान्ति, आनन्द, आरोग्य छ तर प्रस्फुटन हुन सकेको छैन । त्यसैले व्यक्तिले ती चिज पैसा, धन, सामग्री, पद, प्रतिष्ठा, इज्जत र बाहिरी संसारमा खोजिरहेको छ तर प्रकृतिमा त्यस्तो छैन । धनले स्वास्थ्य, खुसी, शान्ति र आनन्द खरिद गर्न सक्दैन । हरेक व्यक्ति आफूभित्रबाटै जागृत हुनुपर्छ । त्यो जागृति शिक्षाबाट मात्र सम्भव छ । हामीकहाँ विषयगत ज्ञानको कमी होइन, आत्मज्ञानको कमी छ । म को हुँ, मेरो जिम्मेवारी के हो, मेरो कर्तव्य के हो, मेरो क्षमता के हो र सत्य के हो भन्ने प्रश्नको जवाफ स्वयंले दिनसक्नु नै आत्मज्ञान हो । आत्मज्ञानबिनाको विषयगत ज्ञान कामयावी हुन सक्दैन । वर्तमान परिस्थितिलाई हेर्ने हो भने शिक्षाले खुसी, शान्ति, आनन्द र आरोग्य दिन नसकेको प्रस्ट देखिन्छ ।

कुनै पनि देशको विकास हुन शिक्षा राम्रो हुनुपर्छ । विकसित देशमा शिक्षाले व्यक्तिलाई स्वजागरण गराउन सकेको देखिन्छ । विकसित राष्ट्रमा व्यक्तिको सकारात्मक सोच, उच्च मनोबल/आत्मबल, साहस, लगनशीलता, अनुशासनबाट यो कुरा प्रस्ट हुन्छ । जीवनलाई सुगन्धित बनाउन तीन कुरा भन्न सक्नुपर्छः धन्यवाद, क्षमा मलाई थाहा छैन । यी तीन चिजले मानिसलाई अन्तरात्मादेखि खुसी, शान्ति, आनन्द र आरोग्यता प्रदान गर्छन् । जीवनमा सत्य, निष्ठा, नैतिकता र इमान्दारीलाई बढाउँछन् । अहिले हाम्रो मुलुकमा हुनुपर्ने काम भइरहेको छैन भने नहुनुपर्ने काम नै धेरै हुनुमा शिक्षाले स्वजागरण गराउन नसक्नु हो ।

हामीकहाँ हेराइभन्दा सोचाइमा समस्या छ । आफूमा समस्या छ र समाधान पनि आफूभित्र नै छ । बाहिरै समस्या देख्ने र बाहिरबाटै समाधान खोजेका कारण सुधार नभएको हो । ठूलो काम गर्न खोजियो भने गर्न सकिँदैन । सानो कामबाट सुधार गरियो भने देश विकसित र समृद्ध हुन कतिबेर लाग्दैन । परिवर्तन आफूबाट सुरु गर्नुपर्छ तबमात्र वास्तविक परिवर्तन हुन्छ । परिवर्तनको सुधार आफैंबाट सुरु गर्नुपर्छ । आफू बदलिएर देखाउनेले संसार बदलेका छन् । अरुलाई बदल्न खोज्ने डिप्रेसनको सिकार बनेका छन् । आफू जागृत भएको व्यक्तिमा रिस, लोभ, इर्ष्या, घृणा हुँदैन, हुन्छ त केवल इमान्दारी, नैतिकता, अनुशासन, आत्मविश्वास, लगनशीलता, सत्य, निष्ठा जुन देश विकासका लागि आवश्यक स्तम्भ हुन् ।

शिक्षामा स्वजागरणको पहिलो आवश्यकता खुसी, शान्ति, आनन्द र आरोग्यक हो, सिकाइ उपलब्धिको औसत प्राप्तिमात्र हैन । स्वजागरणले मात्र सिकाइको उपलब्धि राम्रो हुन्छ । सर्वप्रथम शिक्षक खुसी हुनुपर्छ, जसले जे बाढचौं त्यही पाइन्छ । शिक्षक खुसी नभई विद्यार्थीलाई खुसी बनाउन सकिँदैन । त्यसैले धन आर्जन हैन, ध्यान आर्जन गर्न सिकाउनुपर्छ । सम्पत्ति जोड्न हैन, असल संस्कार र सम्बन्ध जोड्न सिकाउनुपर्छ । अहिले शरीरमा भन्दा मनमा, मनमा भन्दा भावनामा र भावनामा भन्दा गहिरो समस्या चेतना/आत्मामा देखिन्छ । शरीरले स्वास्थ्य, मनले खुसी, भावनाले शान्ति र चेतनाले आनन्द खोज्छ । शरीरका लागि व्यायाम, मनका लागि प्राणायाम, भावनाका लागि सत्संग, भक्ति, भजन/संकीर्तन, समर्पण र चेतनाका लागि ध्यान आवश्यक पर्छ । यसले स्वयंलाई चिन्न मद्दत गर्छ । आजको आवश्यकता स्वयंको शिक्षामा स्वजागरण हो । मानिस खुसीका लागि औषधि प्रयोग गरिरहेका हुन्छन् । औषधि भनेको दबाइ हो, जसले स्वास्थ्यलाई दबाउँछ र नयाँ स्वास्थ्य समस्या जन्माउँछ । प्रकृतिमा अद्भूत नियम छ । चौरासी व्यञ्जन बनाउन सकिन्छ तर भोक किन्न सकिँदैन । महँगो विस्तारा बनाउन सकिन्छ तर निद्रा किन्न सकिँदैन । त्यसैले भौतिक चिजवस्तुभन्दा अभौतिक, देख्न नसकिने, छुन नसकिने चिज अमूल्य छन् । यी कुरा प्राप्त गर्नु नै असली जीवन हो ।

### जिम्मेवारी कसको हो ?

शिक्षा खुसी, आत्मदीप्ति र सकारात्मक ऊर्जाका लागि हो । त्यसका लागि शिक्षा क्षेत्रका सरोकारवालाले निम्नलिखित भूमिका निर्वाह गर्न सक्नुपर्छः

### (क) अभिभावकले के गर्ने ?

बालबालिकाको पहिलो शिक्षा आमाको गर्भबाट सुरु हुन्छ । त्यसैले गर्भावस्थाबाट नै बालबालिकालाई कस्तो बनाउने हो त्यसै खालको आहार-विहार, विचार पद्धति अपनाउनुपर्छ । आमा नै असल संस्कार सिकाउन सक्ने पहिलो गुरु हुन् । आमाबुबा सन्तानका लागि ऐना हुन् । आमाबुबा संस्कारी भएमात्र सन्तान संस्कारी हुन्छन् । रोगमुक्त शरीर तनावमुक्त मन र हिंसामुक्त समाज निर्माणका लागि घरपरिवारको वातावरणले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । असल सन्तानका लागि असल आमाबुबा हुनुपर्छ । प्रशंसाले आत्मबलको विकास हुन्छ भने अभावमा हुर्केको बालकले हरेक कुराको मूल्य थाहा पाउन सिक्छ । त्यसैले बालबालिकालाई कस्तो बनाउने पहिलो भूमिका अभिभावकमा निर्भर रहन्छ ।


घरको वातावरणले सिकाइमा प्रत्यक्ष प्रभाव पार्छ । हामीले सच्चा अभिभावक बन्न सक्नुपर्छ । भनिन्छ, आठ वर्ष पूरा हुँदासम्म बालबालिकाको ८० प्रतिशतमात्र मानसिक विकास भएको हुन्छ । त्यसैले प्रारम्भिक बालविकासमा लेखाउनु हुँदैन हाम्रा अविभावकहरू गृहकार्य धेरै खोजिरहेका छन् । त्यसैले पहिलो जागरण अभिभावकमा ल्याउनुपर्छ । हस्तरेखाको पूर्णरूपमा विकास नभई लेखाउँदा बालबालिकामा आत्मबल कमजोर, बेखुसी, अशान्ति र आरोग्यता घट्दै जान्छ ।

### (ख) विद्यालयले के गर्ने ?

बालबालिकाको दोस्रो घर विद्यालय हो । विद्यालयमा बालबालिकालाई आत्मदीप्ति गराउने दायित्व शिक्षकको हुन्छ । यसका लागि शिक्षकमा स्वजागृति हुनुपर्छ । स्वजागरण भएको शिक्षकले मात्र आफ्ना बालबालिकालाई स्वजागरण गराउन सक्छ । त्यसैले शिक्षक खुसी, शान्त, आनन्दित र आरोग्य बन्नुपर्छ । खुसी शिक्षकले मात्र खुसी बाँड्न सक्छ । अहिले शिक्षाले यी कुरा दिन सकेको देखिँदैन । शिक्षक स्वउत्प्रेरित भएको पाइँदैन । शिक्षक जस्तो हुन्छ, विद्यार्थी त्यस्तै हुन्छ । शिक्षक बालबालिकाको ऐना हुन् । संस्कारी शिक्षक भएमात्र विद्यार्थी संस्कारी बन्छ । विद्यार्थीले सबैभन्दा बढी शिक्षकले भनेका कुरामा विश्वास गर्छन् । त्यसैले सर्वप्रथम शिक्षक आफैंमा स्वजागरण हुनु जरुरी छ ।

शिक्षकमा सुधार नभएसम्म शिक्षामा सुधार गर्न सकिँदैन । प्रारम्भिक बालविकासमा बालबालिकालाई गृहकार्य दिनुभन्दा संस्कार सिकाउनु आवश्यक छ । उनीहरूलाई खुसी हुन, शान्त हुन, आनन्दित हुन र आरोग्य हुन सिकाउनु आवश्यक छ । यस तहमा शारीरिक, मानसिक, भावनात्मक, आध्यात्मिक विकास पूर्णरूपमा गराउने क्रियाकलापमात्र गराउनुपर्छ । पाठचपुस्तक पढाउने लेखाउने होइन जीवन पढाउनुपर्छ । प्रारम्भिक बालविकासका बालबालिकालाई जीवन ऊर्जा जगाउन सकियो भने जीवन खुसी, शान्त, आनन्द र स्वस्थ भएर सत्य निष्ठा र इमान्दारीको विकास हुन्छ । हरेक मानिस शान्त नभई देशमा क्रान्ति आउँदैन । त्यसैले सर्वप्रथम प्रारम्भिक बालविकास तथा शिक्षालाई सुधार गरौं । समस्याको मूल केन्द्र मन हो । समस्या र समाधान त्यसमै हुन्छ ।

प्रत्येक व्यक्तिमा आफ्नो जीवन/भविष्य निर्माण गर्ने सामर्थ्य हुन्छ । आफूले म को हुँ भनेर नचिनेसम्म समस्या समाधान हुँदैन । यसर्थ विद्यालयलाई सिकाइ केन्द्र बनाऔं । शिक्षामा सीपलाई जोडौं । त्यसका लागि एक विद्यालय एक उद्यम कार्यक्रमको अभियान चलाउनुपर्छ । विद्यालयलाई परिवर्तनको केन्द्र/रोजगार केन्द्र बनाउनुपर्छ । भक्तपुरको चाँगुनारायण नगरपालिका-८ स्थित महेन्द्रग्राम माविमा प्रत्येक शुक्रबार कपाल काट्ने अभियान सुरु भएको छ । यसलाई सबै विद्यालयहरूले कार्यान्वयनमा ल्याउन कोसिस गर्नुपर्छ ।



### (ग) स्थानीय सरकारले के गर्ने ?

संघीय शासन व्यवस्थाले शिक्षाका २३ वटा अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ । त्यसैले आफ्नो कार्यक्षेत्रमा शिक्षा कस्तो बनाउने र नीतिगत, कानुनी, संस्थागत, संरचनागत पक्षको विकास कसरी गर्ने भन्ने जिम्मेवारी स्थानीय सरकारको हो । स्थानीय सरकार राम्रो, समृद्ध हुन शिक्षा राम्रो हुनुपर्छ । जुन देशको शिक्षाले व्यक्तिलाई आत्मदीप्ति गर्न सक्यो त्यो देश आज विश्वको प्रथम स्थानमा रहेको छ । निष्ठा, सत्य, नैतिकता, सहचरित्रता, इमान्दारीको जग स्थानीय सरकारबाट सुरु हुनुपर्छ । आआफ्नो क्षेत्रमा शिक्षकलाई उत्प्रेरित/प्रोत्साहन हुने गरी काम गर्नसकेमा मात्र सुधार सम्भव छ ।

### (घ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले के गर्ने ?

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय राम्रो नभएसम्म अरू मन्त्रालयका काम राम्रो हुन सक्दैनन् किनभने हरेक व्यक्तिलाई जगाउने काम यही मन्त्रालयको हो । प्रत्येक व्यक्तिमा रहेको अन्तरनीहित प्रतिभा (जीवन ऊर्जा) प्रस्फुटन नभएसम्म देशमा समृद्धि आउन सक्दैन । कुनै पनि देशको समृद्धि भनेको शिक्षाको राष्ट्रिय नीति, नियम, कानुन कार्यक्रममा भर पर्छ । सबैभन्दा उत्कृष्ट पेसा शिक्षण पेसालाई बनाउनेगरी नीतिगत, कानुनी, संस्थागत, संरचनागत सुधार गर्नुपर्छ । स्रोतभन्दा सोचमा समस्या छ । अब हामीले स्वजागरणमा केन्द्रित गरेर शिक्षा परियोजना ल्याउनुपर्छ । तालिमका प्याकेजमा स्वजागरणका विषयवस्तु समेट्नुपर्छ । विषयगत ज्ञानभन्दा आत्मज्ञानका विषयवस्तुमा केन्द्रित गरेर पाठचक्रम, पाठचपुस्तक, शिक्षक तालिम प्याकेज बनाई त्यसैअनुरूप शैक्षिक जनशक्ति उत्पादन गर्नुपर्छ ।

शिक्षालाई सीप, सीपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई बजार, बजारलाई रोजगारी र रोजगारीलाई समृद्धिसँग जोड्नका लागि विद्यालयलाई परिवर्तनको केन्द्र बनाउनुपर्छ । सीपबिनाको शिक्षाले शैक्षिक बेरोजगारीलाई मात्र बढाउँछ त्यसैले 'एक विद्यालयमा एक उद्यम कार्यक्रम' को अभियानमार्फत शिक्षामा सीपलाई जोड्दै जानुपर्छ । कम्तीमा १० कक्षा पास भएर निस्कँदा एउटा सीपको क्षमता प्रत्येक बालबालिकाले पाउनेगरी मन्त्रालयले काम गर्नुपर्छ ।

सीपबिनाको प्रमाणपत्र संसारमा बिक्दैन । विद्यालयलाई शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखाना बनाउने होइन कि रोजगारी उत्पादन गर्ने रोजगार केन्द्र बनाउनुपर्छ । संस्कार र सीपयुक्त शिक्षा हामी सबैको इच्छा भन्ने नारा तय गरी कार्यक्रम अगाडि बढाउनुपर्छ । विषयगतभन्दा आत्मज्ञानमा केन्द्रित भएर मन्त्रालयले बजेट, नीति, कार्यक्रम ल्याउन ढिला भइसकेको छ । संस्कार र सीपयुक्त शिक्षा हामी सबैको इच्छा' भने नारा तय गरी शिक्षाले अबका कार्यक्रम सञ्चालन गर्नुपर्छ । ४० प्रतिशत बालबालिकामा १४ वर्षभित्रै मानसिक समस्या सुरु हुन्छ । १६-४० वर्षका १९ जना युवाले दैनिक आत्महत्या गरेको मुख्य कारण बेखुसी र तनाव नै हो । रोगमुक्त शरीर, तनावमुक्त र हिंसामुक्त समाज निर्माणका लागि अहम् भूमिका शिक्षाको हो । शिक्षाले मात्र आत्मदीप्ति गराउन सक्छ । स्वजागरण जागेको प्रत्येक व्यक्तिले मात्र सत्य बुझ्न सक्छ । अबको शिक्षाको गन्तव्य शिक्षामा स्वजागरण नै हो । आफूलाई बदल्नेले मात्र संसार बदल्न सक्छ ।

### निष्कर्ष

शिक्षा विषयगत ज्ञानको सञ्चयमात्र नभई स्वयम् लाई चिन्ने, आत्मज्ञान प्राप्त गर्ने र अन्तरनिहीत जीवन ऊर्जालाई जागृत गराउने प्रक्रिया हो । हरेक व्यक्तिभित्र खुसी, शान्ति, आनन्द र आरोग्य विद्यमान भए पनि स्वजागरणको अभावका कारण मानिसले ती मूल्य बाहिरी धन, पद र प्रतिष्ठामा खोजिरहेको छ । आत्मज्ञानबिनाको शिक्षा प्रभावहीन हुन्छ र यही कमजोरीका कारण वर्तमान शिक्षा प्रणालीले व्यक्ति र समाजलाई सन्तुलित, खुसी र नैतिक बनाउन सकेको छैन । राष्ट्रको समृद्धि व्यक्तिगत स्वजागरणबाट सुरु हुन्छ । सोचाइ र चेतनामा परिवर्तन नगरी संरचना र स्रोतमात्र सुधारेर समस्या समाधान हुँदैन । परिवर्तन सानो कामबाट, आफूबाट सुरु हुनुपर्छ ।

स्वजागृत व्यक्तिमात्र इमान्दार, अनुशासित, नैतिक र आत्मविश्वासी हुन्छ, जसले समाज र राष्ट्र निर्माणमा सकारात्मक योगदान दिन सक्छ । त्यसैले शिक्षाको मूल्यांकन खुसी, शान्ति, आनन्द र आरोग्यका आधारमा हुनुपर्छ । अभिभावक, शिक्षक, विद्यालय, स्थानीय सरकार र मन्त्रालय सबैले स्वजागरण केन्द्रित दृष्टिकोण अपनाउनुपर्छ । विशेषतः शिक्षक स्वयं खुसी र स्वजागृत नभएसम्म विद्यार्थीमा स्वजागरण सम्भव हुँदैन । प्रारम्भिक बालविकासदेखि नै जीवन सीप, संस्कार, आत्मज्ञान र सीपयुक्त शिक्षा दिनु अनिवार्य छ । शिक्षा खुसी, आत्मदीप्ति, शान्ति र सकारात्मक ऊर्जाका लागि हुनुपर्छ । 'संस्कार र सीपयुक्त शिक्षा'मार्फत आत्मज्ञान र स्वजागरणलाई शिक्षाको केन्द्र बनाइएन भने न त व्यक्तिगत जीवन सुधार हुन्छ, न समाज र राष्ट्र नै समृद्ध बन्छ । आफूलाई बदल्ने व्यक्तिले मात्र संसार बदल्न सक्छ भन्ने मान्यतासहित अबको शिक्षाको अन्तिम गन्तव्य शिक्षामा स्वजागरण नै हो । *रासस*

*(लेखक शिक्षा विकास तथा समन्वय एकाइ भक्तपुरकी प्रमुख हुन्)*



**मेडरीनाच** | नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यबिन्दु नगरपालिकामा आयोजित सांस्कृतिक कार्यक्रममा परम्परागत मेडरी नाच प्रस्तुत गर्दै स्थानीय थारु समुदाय । *तस्बिरः रासस*

# शल्यक्रिया सेवा सञ्चालनपछि जिल्लाबासीलाई सहज

**म्याग्दी–** प्रदेश अस्पताल बेनीमा शल्यक्रियामार्फत गरिने प्रसूति र सर्जरी सेवा सञ्चालन भएपछि जिल्लावासीलाई सहज भएको छ । शल्यक्रियामार्फत गरिने प्रसूति, 'हाइड्रोशिल,' 'एपेण्डिस' र 'हर्निया'को शल्यक्रिया सेवाका लागि पोखरा, काठमाडौं, चितवन पुग्नुपर्ने जिल्लावासीको समस्या कम भएको हो । अन्नपूर्ण गाउँपालिका-६ घारकी कृष्टि परियारले 'एपेण्डिस'को उपचार बेनीमै भएपछि पोखरा जाँदा हुने खर्च र समयको बचत भएको बताए ।

'पोखरा जानुपरेको भए एक लाख रूपैयाँभन्दा बढी खर्च हुने रहेछ,' उनले भने, 'बेनीमै एपेण्डिसको शल्यक्रिया भएपछि १० हजार रूपैयाँले नै पुग्यो ।' सहरका सरकारी अस्पतालमा बेड नपाउने र निजी अस्पतालमा पुगेर उपचार गर्न नसक्ने आर्थिकरूपमा विपन्न, भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रका सर्वसाधारणहरूलाई प्रदेश अस्पतालको शल्यक्रिया सेवा प्रभावकारी बनेको छ ।

रघुगंगा गाउँपालिका-३ मौवाफाँटकी जमुना किसानले २१ वर्षदेखिको स्त्रीरोगसम्बन्धी समस्याको यसै हप्ता बेनी अस्पतालमा शल्यक्रिया गरिन् । 'भर्ना भएको भोलिपल्टै शल्यक्रिया भयो,' उनले भनिन्, 'शल्यक्रिया सफल भएपछि २१ वर्षदेखिको समस्या निको भएर घर फर्कंदै छु ।'

विशेषज्ञ चिकित्सक अभावमा अस्पतालमा कात्तिक र मंसिर महिनामा शल्यक्रिया सेवा बन्द भएका थिए । प्रदेश



सरकारले स्त्री तथा प्रसूतिरोग र सर्जन चिकित्सकको व्यवस्था मिलाएपछि पुस महिनायता सेवा नियमित छ ।

प्रदेश अस्पताल बेनीका प्रमुख डा. हेमन्त बास्तोलाले पुस महिनामामात्रै २१ वटा शल्यक्रिया गरिएको जानकारी दिए । 'जुम्ल्याह बच्चा भएका गर्भवतीलाई पनि यही नै शल्यक्रियामार्फत प्रसूति गराएका छौं,' उनले भने, 'सीमित स्रोत, साधन र जनशक्तिका बाबजुत यहाँ आएका बिरामीलाई सम्भव भएसम्म बाहिर जानु नपरोस भन्ने प्रयास गरेका छौं ।'

बेनी अस्पतालबाट म्याग्दी, मुस्ताङ, पर्वतको जलजला, बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले सेवा लिने गरेका छन् । बेनी नगरपालिका-६ की सुष्मा पौडेलले बेनी अस्पतालमा रोग पहिचानका लागि आवश्यक थप उपकरण र दक्ष जनशक्तिको नियमित व्यवस्था मिलाउनुपर्ने बताइन् ।

बेनी अस्पतालले अन्तरंग र बहिरंगसहित हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलाइसिस सेवा सञ्चालन गर्दै आएको छ । मेडिसिन, दन्तरोग, मनोसामाजिक विशेषज्ञ र ११ जना मेडिकल अधिकृत कार्यरत छन् । वार्षिक ६० हजारभन्दा बढीले सेवा लिने बेनी अस्पतालको वि.सं. २०७४ देखि सुरु भएको भवन निर्माण कार्यले पूर्णता नपाउनु र दरबन्दीअनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मी नहुनु मुख्य चुनौती बनेको छ । बेनी अस्पताललाई वि.सं. २०७२ मा १५ बाट ५० शयचा क्षमतामा स्तरोन्नति गरिएको थियो । *रासस*

# सडकको दुरावस्था र चालकको लापरवाहीले दुर्घटना बढे

**झापा (प्रस)–** सडकको दुरावस्था र चालकको लापरवाहीले सवारी दुर्घटना बढेका छन् । बितेका छ महिनामा औसत दैनिक तीन स्थानमा सवारी दुर्घटना हुँदा छ जना घाइते भएका जिल्ला ट्राफिक कार्यालयले जानकारी दिएको छ ।

चालु आर्थिक वर्षको प्रथम छ महिनामा झापामा ६०५ स्थानमा दुर्घटना भएका र त्यसबाट एक हजार ९७ जना घाइते भएका उक्त कार्यालयका प्रमुख सन्तोष राईले बताए । उक्त अवधिमा सवारी दुर्घटनामा परी २९ जनाको मृत्यु भएको छ । घाइतेमध्ये ५५ जना गम्भीर र एक हजार ४२ जनाको अवस्था सामान्य छ ।

सडक दुर्घटना घटाउन ट्राफिक प्रहरीले समुदायसँग मिलेर चेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ । एसियाली राजमार्गको स्तरोन्नति भइरहँदा सडकको अवस्था नाजुक बनेको छ । यस्तो सडकमा लापरवाहीपूर्वक सवारी चलाउँदा दुर्घटना बढेका कार्यालय प्रमुख राई बताउँछन् । गत पुसमा छ हजार ५२५ वटा सवारीसाधन जाँच गर्दा दुई हजार ४४५ वटा सवारीसाधनलाई सवारी नियम उल्लंघन गरेको अभियोगमा कारबाही गर्नुपरेको थियो ।

पुसमा १२० स्थानमा सवारी दुर्घटना हुँदा नौ जनाको मृत्यु र १७३ जना घाइते भएका थिए । पुसमा ७३ जना घाइतेलाई दुर्घटनास्थलबाट उद्धार गरेर अस्पताल पुऱ्याइएको थियो । मंसिरमा १२२ स्थानमा सवारी दुर्घटना हुँदा दुई जनाको ज्यान गएको थियो । कात्तिकमा ११८ स्थानमा दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको ट्राफिक प्रहरी प्रमुख राईले बताए ।

यसैगरी, असोजमा ९० मा, भदौमा ६३ र साउनमा ९२ स्थानमा सवारी दुर्घटना हुँदा क्रमशः छ, चार र तीन जनाको मृत्यु भएको थियो । पुस महिनामा भएको १२० वटा दुर्घटनाको विश्लेषण गर्दै जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले अधिकांश दुर्घटना सवारी चालकको लापरवाहीका कारण हुने गरेको बताए ।

# शिक्षकलाई स्थानीय भत्ता वितरण

**भोजपुर–** रामप्रसाद राई गाउँपालिकाले शिक्षकलाई प्रोत्साहनभत्ता प्रदान गर्न थालेको छ । दुर्गम तथा भौगोलिक रूपमा कठिन मानिने 'ग' वर्गमा पर्ने यस गाउँपालिकाले यहाँ कार्यरत शिक्षकलाई सेवा सुविधामा थप सहजीकरण गर्दै स्थानीय भत्ता वितरण सुरु गरेको हो ।

गाउँपालिकाका अनुसार संघीय सरकारद्वारा जारी गरिएको 'कार्यक्रम कार्यान्वयन कार्यविधि' अनुरूप स्थानीय भत्ता वितरण गरिएको हो । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत आङलाक्पा तामाङले दुर्गम क्षेत्रमा कार्यरत स्थायी शिक्षकहरूलाई प्रोत्साहन प्रदान गर्न यो व्यवस्था गरिएको बताए । हाल गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकले आफ्नो तह र श्रेणीअनुसार नियमितरूपमा स्थानीय भत्ता पाउँदै आएका छन् । प्राथमिक तह प्रथम श्रेणीका शिक्षकले मासिक पाँच हजार ५१० रूपैयाँ, द्वितीय श्रेणीका शिक्षकले चार हजार ६०० रूपैयाँ तथा तृतीय श्रेणीका शिक्षकले चार हजार २५० रूपैयाँ स्थानीय भत्ता प्राप्त गर्दै आएका छन् ।

त्यसैगरी निम्न माध्यमिक तह तृतीय श्रेणीका शिक्षकलाई मासिक पाँच हजार ५१० रूपैयाँ र माध्यमिक तहका शिक्षकलाई मासिक आठ हजार ८०० रूपैयाँ स्थानीय भत्ता प्रदान गरिएको छ । गाउँपालिका अध्यक्ष थामबहादुर राईले शिक्षकको मनोबल उच्च राख्दै शैक्षिक उपलब्धि सुधार र विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुग्ने विश्वासका साथ भत्ता प्रदान गरिएको बताए । *रासस*

# चितवनमा आगन्तुक जलपन्छीको संख्या बढ्यो

**चितवन–** चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा हिउँदे आगन्तुक जलपन्छीको संख्या बढेको छ । यही पुस २४, २५ र २६ गते गरिएको गण्नाअनुसार ६२ प्रजातिका जलपन्छी भेटिएका छन् । गत वर्षको गणनामा ५५ प्रजातिका आगन्तुक जलपन्छी भेटिएका थिए ।

गत वर्षभन्दा यस वर्ष सात प्रजातिका चराहरू थपिएका हुन् । जसमा तिलरी चरा, कुर्मा मलाहा चिल, लामो ठूडे राजपुत्रीका रहेका छन् । जलपन्छी गणनाका क्रममा आगन्तुक चराहरू भने घटेका छन् । गत वर्ष आठ हजार ८६ संख्या देखिएकामा यस वर्ष पाँच हजार ८४८ मात्र देखिएका हुन् ।

नेपाल पन्छीविद् संघ बागमती प्रदेशका अध्यक्ष वासु बिडारीका अनुसार चखेवा यस वर्ष दुई हजार ७४० रहेको छ भने अघिल्लो वर्ष चार हजार १०७ रहेको उनले जानकारी दिए । जलकौवा र पानी गौंथली क्रमशः ५०८ र २०९ रहेको छ । गत वर्षको गणनामा जलकौवा ४५६ र पानी गौंथली २५० रहेका थिए । चखेवाको संख्या एक हजार ३६७ ले घट्नु चुनौतीका रूपमा रहेको पाइएको उनले बताए । मानवीय चाप, प्रदूषण र मिचाहा प्रवृत्तिको उपस्थिति थप चुनौतीका रूपमा रहेको उनले बताए ।

चरा गणनामा ७० जना चरा विज्ञ सहभागी थिए । लोथर खोलाबाट, जिन्दगानीघाट, सौराहा, ढुंग्रे खोला, कसरा पुलहुँदै राप्ती नदीमा चरा गणना गरिएको हो । नरायणी नदी, माडीको रिउ खोला, बाटुलीपोखरी, कुमाल ताल, टिकौली ताल, सत्रहजारी ताल र नहर क्षेत्र, निकुञ्जभित्रका लामिताल, तमोर ताल, पटना ताल, भण्डाराको मत्स्यपालन केन्द्र, बूढी राप्तीको चित्रसारी पुलबाट राप्ती दोभानसम्म गणना गरिएको हो ।

बर्ड एजुकेसन सोसाइटी चितवनका अध्यक्ष विजय गिरीका अनुसार राप्ती नदीको घडगाईबाट गोलाघाटसम्म, नारायणीको पूर्वी भंगला, नारायणीकै गाँजापुरबाट गोलाघाटसम्म र दिव्यनगरका घोल एवं फाँटमासमेत गणना गरिएको हो । बर्ड एजुकेसन सोसाइटी, नेपाल पन्छीविद् संघ, राष्ट्रिय प्रकृति संरक्षण कोष, चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती सामुदायिक वनको सहकार्यमा गणना गर्न गरिएको उनले जानकारी दिए । उनका अनुसार पैदल, डुंगाको सहायता र गाडीबाट चरा गणना गरिएको हो ।

बाइनाकुलार क्यामरा, जिपिएस, साउण्ड रेकडरलगायतका प्रयोग गरी चराको गणना गरिएको हो । संघका अध्यक्ष बिडारीका अनुसार देशभर ९०४ प्रजातिका चरा पाइन्छन् भने चितवनमा ६६२ प्रजातिका चरा पाइन्छन् । नेपालमा सन् १९८७ बाट चरा गणना थालिएको हो । यो वर्ष ६० औं पटक गणना गरिँदै हो ।

नेपालमा जलपन्छी ठूलो संख्यामा चीनबाट आउने गर्दछन् । मंगोलिया, रुसको दक्षिणी भाग, साइबेरीया, मध्य एसियालगायतका ठाउँबाट धेरै चरा आउँछन् भने पूर्वी युरोपबाट निकै कम चरा आउने उनले जानकारी दिए । चिसो छल्नका लागि चराहरू यहाँ आउने गरेको बिडारीले बताए । चराको रङ, शरीरको बनोट, आवाज हेरेर र सुनेर गणना गर्ने गरिएको छ । *रासस*


## शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तल्कोट डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का सम्बन्धि सूचना

**प्रकाशित मितिः- २०८२/१०/०४**

शिखर नगरपालिकाको देहाय बमोजिमका आन्तरिक आयको ठेक्काको लागि बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय ठेक्काको लागी सार्वजनिक खरिद नियमावलीको नियम (४०) को उप नियम (२) वमोजिम सबै योग्य बोलपत्रदाताहरूको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

| S. N. | आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम कबोल अंक रु. (भ्याट बाहेक) | धरौटी रकम रु. | बोलपत्र पेश तथा खुल्ने अन्तिम मिति | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| 1. | SMDOTI/R/SQ/ 01/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-समुहगाड | ८,१२,१७०।०० | कबोल अंक (मु.अ.कर सहित)को ५ (पाँच) प्रतिशत हुन आउने रकम | **पेश गर्ने अन्तिम मिति** २०८२/१०/१९ गते दिउँसो १२ बजे सम्म **खुल्ने अन्तिम मिति** २०८२/१०/१९ गते दिउँसो १ बजे शिखर नगरपालिकाको कार्यालय तल्कोट डोटी | १०००।०० |
| 2. | SMDOTI/R/SQ/ 02/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-कालागाड | ४,३०,७२७।०० | | | १०००।०० |
| 3. | SMDOTI/R/SQ/ 03/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-रामपुर क | ४०,४०,५४०।०० | | | ३०००।०० |
| 4. | SMDOTI/R/SQ/ 04/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-रामपुर ख | ५,१०,१००।०० | | | १०००।०० |
| 5. | SMDOTI/R/SQ/ 05/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-राजघाट | १५,७३,३१३।०० | | | १०००।०० |
| 6. | SMDOTI/R/SQ/ 06/082/83 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन-गोल्मागाड | ४,१८,७६२।०० | | | १०००।०० |

यस सम्बन्धि विस्तृत जानकारीका लागी यस सम्बन्धि यस सम्बन्धि विस्तृत जानकारीका लागी यस सम्बन्धि www.bolpatra.gov.np/egp मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक





## म्युजिक नेपालको ३२.१ 'डल्बी एट्मस' स्टुडियो

नेपाली फिल्म र संगीत क्षेत्रको प्राविधिक गुणस्तरलाई विश्वस्तरमा पुऱ्याउने उद्देश्यका साथ 'म्युजिक नेपाल' ले मुलुकमै पहिलोपटक डल्बी एट्मस द्वारा मान्यताप्राप्त पोस्ट-प्रोडक्सन स्टुडियो सञ्चालनमा ल्याएको छ। चार दशकदेखि नेपाली संगीतमा एकछत्र राज गर्दै आएको यस कम्पनीले करिब १० करोड रूपैयाँको लगानीमा गौशालास्थित पिंगलास्थानमा यो अत्याधुनिक स्टुडियो निर्माण गरेको हो। चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी प्रमुख अतिथि, वरिष्ठ कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य विशिष्ट अतिथि र म्युजिक नेपालका प्रमुख सन्तोष शर्मा उपस्थितिमा शुक्रबार 'म्युजिक नेपाल अडियो भिजुअल' को औपचारिक शुभारम्भ गरियो।




आइतबार, ०४ माघ २०८२ (Sunday, 18 January 2026)


# गोविन्द वियोगी पत्रकारिता पुरस्कार प्रदान

■ प्रभाव संवाददाता

**काठमाडौं–** सम्पादक समाज नेपालले आफ्ना संस्थापक अध्यक्ष एवं वरिष्ठ पत्रकार गोविन्द वियोगीको स्मरणमा स्थापित 'गोविन्द वियोगी पत्रकारिता पुरस्कार-२०८२' र 'गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार २०८२' प्रदान गरेको छ।



वियोगीको २०औं स्मृति दिवसका अवसरमा शनिबार शिवपुरी गाउँपालिका- ७ सुइरेचौर, नुवाकोटमा आयोजित एक समारोहमा गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवबाट उक्त पुरस्कार तथा सम्मान प्रदान गरिएको हो।

कार्यक्रममा 'गोविन्द वियोगी पत्रकारिता पुरस्कार-२०८२' रत्न राज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभागका प्रमुख डा जगत नेपाललाई प्रदान गरिएको छ। उक्त पुरस्कारको राशि रु २५ हजार एक र सम्मानपत्र रहेको छ।

यस्तै, 'गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार' गोरखापत्र दैनिककी पत्रकार चाँदनी हमाल तथा 'शुक्रवाः या तँसापौ' साप्ताहिकका स्तम्भकार राजेन्द्र मानन्धरलाई प्रदान गरिएको छ। हमाललाई वातावरण संरक्षण तथा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका विषयमा पत्रकारितामार्फत गरेको योगदान र मानन्धरलाई नेपाल भाषामार्फत पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानका लागि पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ। यो पुरस्कारको राशि जनही रु १५ हजार एक र सम्मानपत्र रहेको छ।

कार्यक्रममा पूर्वराष्ट्रपति डा यादवबाट वरिष्ठ पत्रकार शरदचन्द्र वस्ती र सुदर्शन आचार्यलाई 'सम्पादक समाज नेपाल सम्मान' प्रदान गरियो।

समाजका अध्यक्ष पुरु रिसालको अध्यक्षतामा भएको उक्त पुरस्कार प्रदान तथा सम्मान समारोहमा पूर्वराष्ट्रपति यावदले लोकतन्त्रलाई बलियो बनाउन पत्रकारिता क्षेत्रको भूमिका अझै बढेर गएको बताए। उनले वियोगीले लोकतन्त्र स्थापनामा पत्रकारितामार्फत खेलेको भूमिका उल्लेखनीय रहेको स्मरण गरे।

समारोहमा सम्मानित व्यक्ति आचार्यले पत्रकार सत्यको पक्षमा उभिनुपर्नेमा जोड दिँदै कोही रिसाउला भनेर सत्य लुकाउन नहुने बताए। अर्का सम्मानित व्यक्ति वस्तीले हाल पत्रकारितामा महत्त्वपूर्ण सूचना र तथ्यहहरू ख्याल ठट्टाको विषय बन्न पुगेको भन्द चिन्ता व्यक्त गरे। उनले पहिले स्रोतमा पत्रकारको मात्रै पहुँच हुँदा समस्या नहुने गरेको तर हाल स्रोतमा सबैको पहुँच पुगेकाले पत्रकारितामा चुनौती बढेको धारणा राखे।

पुरस्कृत व्यक्तिहरूका तर्फबाट बोल्दै रत्न राज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभागका प्रमुख डा नेपालले पत्रकारिताको स्तर खस्किँदा समाजमा असर गर्ने भएकाले यसलाई आलोचनाभन्दा पनि स्तर सुधारका लागि भूमिका खेल्नुपर्ने आवश्यकता औंल्याए।

शिवपुरी गाउँपालिका अध्यक्ष गोविन्द थपलियाले सम्पादक समाज नेपालसँग जोडिएपछि शिवपुरी क्षेत्रमा पर्यटकहरूको आवागमन बढेको भन्दै खुसी व्यक्त गरे। उनले विगतमा २५/३० हजार पर्यटक आउने गरेकामा सम्पादक समाजसँगको सहकार्यपछि पत्रकारले लेखेका समाचारकै कारण प्रचारप्रसाद हुँदा हाल वर्षमा एक लाखभन्दा बढी पर्यटक भित्रिने गरेको बताए। यहाँका नागरिकको जीवनस्तर सुधार्न कृषि र पर्यटनलाई जोडेर गाउँपालिकाले काम गरिरहेको उल्लेख गर्दै अध्यक्ष थपलियाले यसमा सहयोग गर्न सबैलाई आग्रह गरे।

प्रेस इन्स्टिच्युटका अध्यक्ष तीर्थ कोइरालाले पुँजी र प्रविधिको चेपुवामा पत्रकारिता परिरहेको उल्लेख गर्दै मर्यादित बनाउने कोशिष जारी रहेको बताए। उनले भने, 'प्रविधिले फड्को मारिरहेको छ, तर पत्रकारिताप्रतिको विश्वसनीयता अफ्ठेरो स्थितिमा आएको छ। अबको पुस्तालाई मर्यादित पत्रकारितामा डोऱ्याउन सम्पादक समाजको महत्वपूर्ण भूमिका हुनुपर्छ।'

समाजका उपाध्यक्ष जुनारबाबु बस्नेतलेहाल संसारभरि नै पत्रकारिताको मूल्य मान्यताबारे ठूलो बहस चलिरहेको उल्लेख गर्दै समाजलाई पनि मर्यादित पत्रकारिताको विमर्श गर्ने थलोका रूपमा विकास गरिएको बताए। नेपाल अमेरिका पत्रकार समाजका अध्यक्ष टंक पन्त, सम्पादक समाजका संरक्षक किरण वैद्य, समाजका महासचिव श्याम डोटेलले आफ्नो धारणा राखे।

# 'शिवांश'को गीत सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'शिवांश'को गीत सार्वजनिक भएको छ। निर्माण पक्षले आज युट्युबमार्फत गीत सार्वजनिक गरेको हो। 'बैंश भुसुक्कै' बोलको गीतमा राजनराज शिवाकोटी र समीक्षा अधिकारीको स्वर छ। राजनराज र सरोज रञ्जितकारको शब्द रहेको गीतमा राजनराज स्वयंले संगीत भरेका छन्।



लोकलयको प्रेमिल गीतमा टिपिकल नेपाली शब्द प्रयोग भएको छ। गाउँबेसीमा प्रयोग हुने मिठासपूर्ण शब्द र लयले गीतलाई क्याची बनाएको छ।

प्रेमी र प्रेमिकाले एकअर्कालाई गरेको तारिफ गीतमा छ। गीतमा भाग्य, मायामोह, प्रेम, आकर्षणलगायत रहेको छ। गीतको भिजुअलमा निर्माणपक्षले मेहनत गरेको छ। विक्रम चौहानको कोरियोग्राफी रहेको भिडियोमा चलचित्रका मुख्य कलाकार तेज गरी, बिमला लिम्बू र बारत लिम्बूको अभिनय छ। महाशिवरात्रिको छोको पारेर चलचित्र 'शिवांश' फागुन १ गते रिलिज हुनेछ।

अञ्जान सिनेमा प्रोडक्सन हाउसको प्रस्तुति रहने चलचित्रको निर्देशकमा सन्तोष कुमार आत्रेय छन्। यो उनको डेब्यु निर्देशकीय सिनेमा हो। निर्मातामा अञ्जान केसी छन्।

प्रवीण खतिवडा, तेज गिरी र रुषा न्यौपाने मुख्य भूमिकामा छन्। चलचित्रमा विकास जोशी, विमला लिम्बू, प्रदीप कुमार चौधरी, सबिर चुरौटे, उदय कुमार सुब्बा, टीका निरौलालगायत कलाकारको अभिनय रहनेछ। चलचित्रमा बिमला लिम्बू, प्रदीप कुमार चौधरी, सबीर चौराउटे, उदय कुमार सुब्बा, टिका निरौला र कुन्दनको पनि अभिनय रहनेछ।

चलचित्रको कथा अञ्जान केसीले लेखेका छन्। सिनेमाको सह-निर्मातामा शोभा भण्डारी र अनिस केसी बोगटी रहेका छन्। स्क्रिनप्ले बारत लिम्बूको छ।

चलचित्रमा विप्लव प्रतीक र राजनराज शिवाकोटीको गीतरचना रहनेछ। संगीत न्ह्यू बज्राचार्य र राजनराज शिवाकोटीको छ। राजनराज शिवाकोटी, मिलन नेवार र समीक्षा अधिकारीको स्वर रहनेछ।

चलचित्रमा द्वन्द्व निर्देशन मिलन श्रेष्ठको रहनेछ भने कोरियो ग्राफर विक्रम चोहान रहनेछन्। मिलन मानन्धर प्रोडक्सन म्यानेजरका रूपमा रहने चलचित्रमा आर्ट डिरेक्टर र प्रोडक्सन डिजाइनरमा प्रतीक चौधरी छन्।

विराज खड्का भीएफएक्स डाइरेक्टर तथा सुपरभाइजर रहेको चलचित्रमा भीएफएक्स प्रोडुसरका रूपमा आदेश सुब्बा (गुडरेज पिक्चर्स) छन्। कस्ट्युम कमल मिश्रको छ। एमयूए तुलसा लिम्बू, पोस्टर फोटोग्राफी युवाहाङ राईको छ। बारत लिम्बू मुख्य सहायक निर्देशक रहेको सिनेमामा स्क्रिप्ट डक्टरको काम सुलक्षण भारतीले गरेका छन्। सरद महतोको डीओपी रहेको चलचित्रका कार्यकारी निर्माता सम्भू थापा हुन्।

चलचित्र चौतारीले पोस्ट प्रोडक्सन रहेको छ भने वितरण डिजिटल सिनेमा नेपाल (डीसीएन)ले गर्नेछ।

## रंगशाला

# टी–२० विश्वकप खेल्न जाने नेपाली क्रिकेट टिमको बिदाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी फेब्रुअरी-मार्चमा भारत र श्रीलंकामा हुने आईसीसी टी-२० विश्वकप क्रिकेट खेल्न जाने नेपाली टोलीको बिदाइ गरिएको छ। नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार एक कार्यक्रमको आयोजना गरी नेपाली टोलीको बिदाइ गरेको हो।

नेपाली टोलीले विश्वकप अघि श्रीलंका र भारतमा गएर अभ्यास शृंखला पनि खेल्ने भएकाले टोलीलाई आज नै बिदाइ गरिएको हो। नेपाली टोली आइतबार प्रस्थान गर्ने छ।

बिदाइ कार्यक्रममा बोल्दै क्यान सचिव पारस खड्काले नेपाली टोलीलाई विश्वकपका लागि शुभकामना दिए। 'यो समग्र विश्वले पनि हेर्ने कुरा हो, हामी राम्रो गरिरहेका छौं। विश्वकपका लागि खेलाडीदेखि व्यवस्थापन टिम सबैलाई शुभकामना छ', खड्काले भने, 'भारतमा गएर समर्थकहरूले पनि साथ दिनुहुन्छ भन्ने आशा छ।'

कप्तान रोहित पौडेलले तयारी निकै राम्रो भएको बताए। 'तयारी राम्रो भइरहेको छ। अभ्यासले पनि राम्रो बिल्डअप भएको जस्तो लाग्छ', रोहितले भने, 'सन् २०२५ एकदम राम्रो भएको थियो। आशा छ यो वर्ष पनि राम्रो हुने छ। हामी समग्र नेपालीलाई प्राउड फिल गराउने छौं।'

प्रशिक्षक स्टुअर्ट लले पनि विश्वकपमा राम्रो गर्ने विश्वास व्यक्त गरे। 'हामी योजनालाई अन्तिम रूप दिनेछौं अभ्यासमार्फत। विश्वकपमा राम्रो प्रदर्शन गरेर सारा नेपालीलाई खुसी दिनेछौं', प्रशिक्षक लले भने।

क्यानका अध्यक्ष चतुरबहादुर चन्दले पनि टोलीलाई शुभकामना दिँदै तयारी राम्रो देखिएको र राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गरे। 'तयारी धेरै राम्रो देखिएको छ, कुनै प्रश्न छैन। भारतसँग कन्डिशन पनि मिल्छ। राम्रो प्रदर्शन गर्नुहोला, शुभकामना छ', चन्दले भने।

नेपाली क्रिकेट टोलीले विश्वकपको समूह चरणमा इंग्ल्यान्ड, वेस्ट इन्डिज, बंगलादेश र इटलीसँग खेल्ने तालिका छ। त्यसअघि श्रीलंका गएर श्रीलंका 'ए' अनि भारतमा गएर मुम्बईको एमसीए प्रेसिडेन्ट ११ सँग पनि अभ्यास खेल्ने छ।

विश्वकपका लागि रोहित पौडेलको कप्तानीमा नेपालको टोली घोषणा भइसकेको छ।

# पुलिसमाथि प्लानिङको जित

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** विभागीय टोली नेपाल पुलिस क्लबलाई पराजित गर्दै प्लानिङ ब्वाइज युनाटेडले राष्ट्रिय लिगमा सुखद् सुरुआत गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न भएको खेलमा विभागीय टोली पुलिसलाई १-० ले हराएको हो। जितसँगै प्लानिङले ३ अंक जोडेको छ। पहिलो हाफको इन्जुरी समयमा पुलिसका मनिष सेडाईले पेनाल्टी बक्स भित्रबाट गरेको प्रहार गोल पोस्टको माथिबाट बाहिरिएको थियो।

खेलको ५२औं मिनेटमा शंकर थारुले गोल गर्दै प्लानिङलाई अग्रता दिलाए। उनले गरेको गोल नै निर्णायक बन्यो।


**Madhesh Province Government**

**Ministry of Health and Population**

## Province Health Logistic Management center

**Janakpurdham, Dhanusha**

### Invitation for Electronic Bids

**Date of Publication: 18th January, 2026**

1. Ministry of Health & Population, Province Health Logistic Management Center, Madhesh Pradesh Government, Janakpurdham, Dhanusha has allocated funds to cover eligible payments under the Contracts for MP/PHLMC/NCB/GOODS-3.1/2082-083. (Package l) Bidding is open to all eligible Bidders.
1. The Province Health Logistic Management Center, Janakpurdham. invites electronic bids from eligible bidders for the procurement of MP/PHLMC/NCB/GOODS-3.1/2082-083.(Package l); The Procurement and Supply of Medicine for Non-Communicable Disease. Under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Province Healtn Logistic management Center Janakpurdham, dhanusha or may visit PPMO egp system www.bolpatra.gov.np/egp.

| | |
|---|---|
| NameofBank: | RastriyaBanijyaBank,Janakpurdham |
| NameofOffice | Province Health Logistic Management Centre, Janakpurdham,Dhanusha |
| OfficeCodeNo: | 3500717012 |
| RevenueHeadNo: | 14229 |
| RevenueNo: | 1000200010000 |

3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
4. Pre-bid meeting shall be held at Province Health Logistic Management Center Janakpurdham at 1st February 2026
5. Electronic bids must be submitted to the office Province Health Logistic Management Center Janakpurdham through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 17th February 2026 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 PM on 17th February 2026 at the office of Province Health Logistic Management Center, Janakpurdham. Bids must be valid for a period of 120 Days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 77000.00 which shall be valid for 30 days beyond the validity period of the bid 90 Days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The name and identification of the contracts (packages/Lots )are as follows:

| S.N. | Contract IdentificationNo. | DescriptionofItems | CostofBidding document (NRs) | Amount of BidSecurity (NRs) | Qty |
|---|---|---|---|---|---|
| 1. | MP/PHLMC/ NCB/ GOODS-3.1/2082-083 (Package l) | The procurement and Supply Of Medicines For Non-communicable Disease. | 3,000.00 | 77000.00 | AsPer BOQ |

**Chief Administrative Officer**



दक्षिण कोरियाको ह्वाचियोनमा शनिबार आयोजित बरफ महोत्सव (आइस फेस्टिभल)मा जमेको नदीको सतहमा खनिएका प्वालहरूबाट माछा मार्दै सहभागीहरू । *तस्बिरः एपी*

# गाजामा बालबालिकालाई पढाइ सुनिश्चित गर्ने सहयोगको आग्रह

**संयुक्त राष्ट्र, न्युयोर्क–** संयुक्त राष्ट्र र गाजामा काम गर्ने सहयोगी संस्थाहरूले विद्यालय सामग्रीमा लागेको प्रतिबन्ध हटाएर बढी बालबालिकाले सहज रूपमा शिक्षा पाउन सकून् भनी आग्रह गरेका छन् । मानवतावादी निकायले शुक्रबार यस सम्बन्धमा आफ्नो चिन्ता सार्वजनिक गरेको हो ।

मानवतावादी समन्वय कार्यालयले बालबालिकालाई विद्यालयमा फर्काउने र जाडो मौसमका कारण पीडित भएका मानिसलाई सहयोग गर्ने उद्देश्यले साझेदारहरूसँग मिलेर काम गरिरहेको जनाएको छ । कार्यालयका अनुसार हाल गाजामा ४४० भन्दा बढी शिक्षणस्थल सञ्चालनमा छन् । यसै महिनामा गाजाका १० अस्थायी शिक्षणस्थलहरू पनि मर्मत गरिएको छ । जाडो मौसमका कारण आश्रय गुमाएका परिवारहरूलाई सहयोग गर्न कार्यालयले २०० भन्दा बढी टेण्ट, हजारौं कम्बल, गर्म कपडा, खाना पकाउने भाँडाकुँडा र सौर्यबत्ती वितरण गरेको छ ।

यद्यपि, गाजामा अझै १० लाखभन्दा बढी मानिसलाई तुरुन्तै आश्रय सहयोग र दीर्घकालीन समाधान आवश्यक छ । यसमा क्षतिग्रस्त घरहरूको मर्मत र आपत्कालीन आश्रय सामग्री उपलब्ध गराउने कुरा समावेश छ । रासस/सिन्ह्वा

अमेरिकामा मौसमी फ्लुको प्रभाव कायमै, अस्पताल भर्ना दुई लाख ३० हजार

लस एञ्जलस, अमेरिका- अमेरिकामा हालसम्म कम्तीमा एक करोड ८० लाख मानिस इन्फ्लुएञ्जा (फ्लु) बाट संक्रमित भएका छन् । यस अवधिमा करिब दुई लाख ३० हजार बिरामी अस्पताल भर्ना भएका छन् भने नौ हजार ३०० जनाको मृत्यु भएको अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी) ले शुक्रबार सार्वजनिक गरेको पछिल्लो अनुमानमा उल्लेख गरिएको छ ।

सिडिसीका अनुसार अमेरिकाभर मौसमी फ्लुको गतिविधि अझै उच्च अवस्थामा नै रहेको छ, तर पछिल्ला दुई सातादेखि संक्रमणदर घट्दो वा स्थिर रहेको देखिएको छ । यस सिजनमा इन्फ्लुएञ्जा ए (एच३एन२) भाइरस सबैभन्दा बढी फैलिएको प्रकारको रूपमा पुष्टि भएको छ । जनवरी १० मा समाप्त भएको सातासम्म फ्लुसँग सम्बन्धित १५ बालबालिकाको मृत्यु भएको सिडिसीले जनाएको छ ।

यससँगै यस सिजनमा फ्लुका कारण ज्यान गुमाउने बालबालिकाको संख्या ३२ पुगेको छ । सिडिसीका अनुसार तीमध्ये करिब ९० प्रतिशत बालबालिका फ्लुविरुद्ध पूर्णरूपमा खोप नलगाएका थिए । सिडिसीले अमेरिकामा फ्लु प्रायः शरद र जाडो याममा देखिने र यसको चरम अवस्था प्रायः डिसेम्बरदेखि फेब्रुअरी महिनासम्म रहने जानकारी दिएको छ ।

हालको अवस्थालाई ध्यानमा राख्दै सिडिसीले छ महिनाभन्दा माथिका सबै व्यक्तिहरूलाई यदि यस सिजनको फ्लु खोप नलगाएका भए सकेसम्म छिटो खोप लगाउन आग्रह गरेको छ । स्वास्थ्य अधिकारीहरूले समयमै खोप लगाउने, सरसफाइमा ध्यान दिने र लक्षण देखिएमा स्वास्थ्य सेवा लिनु नै फ्लुबाट जोगिने प्रभावकारी उपाय भएको बताएका छन् । *रासस/सिन्ह्वा*

# पाकिस्तानको पञ्जाबमा भीषण सडक दुर्घटना, १४ जनाको मृत्यु

**इस्लामाबाद–** पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको सरगोधा जिल्लामा शनिबार घना कुहिरोका कारण भएको सडक दुर्घटनामा कम्तीमा १४ जनाको ज्यान गएको छ भने केही अन्य व्यक्ति घाइते भएका छन् ।

उद्धार अधिकारीहरूका अनुसार अत्यन्त कम दृश्यताका कारण मिनी-ट्रक अनियन्त्रित भई सडकबाट खस्दै सुक्खा नहरमा पुगेको थियो । दुर्घटनास्थलमै सात जनाको मृत्यु भएको थियो भने गम्भीर घाइतेहरूलाई तत्काल नजिकका अस्पतालमा लगिएको थियो । उपचारका क्रममा थप सात जनाको मृत्यु भएपछि मृतक संख्या १४ पुगेको जनाइएको छ ।

कुहिरोका कारण मोटरवे बन्द भएपछि चालकले वैकल्पिक स्थानीय मार्ग प्रयोग गरेको बताइएको छ । सूचना प्राप्त हुनासाथ रेस्क्यु ११२२ का टोली घटनास्थलमा पुगेर उद्धार तथा राहत कार्य सञ्चालन गरेका थिए । दुर्घटनामा महिला र बालबालिकासमेत परेको पुष्टि भएको छ । मृतक तथा घाइते सबै इस्लामाबादका बासिन्दा रहेको उद्धार अधिकारीहरूले बताएका छन् । *रासस/सिन्ह्वा*


**पुर्चौडी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**हाटँ, बैतडी**

**सुदूरपश्चिम प्रदेश,नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशन मितिः- २०८२/१०/०४) (18 Jan, 2026)**

यस कार्यालयबाट मिति २०८२/०८/१५ को प्रभाव राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली https://www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकनमा तपशिलको तालिकामा उल्लिखित बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्यांकन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बोलपत्र नं. | निर्माण कार्यको बिवरण | न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क.र पि.एस. सहित) |
|---|---|---|---|---|
| १. | PNP/BTD/ NCB/Work/ 02/2082/083 | Construction & Upgrading of Malladehi Bijaypur Sadak Purchaudi Municipality 8 & 10 Baitadi. | श्री समैजी कन्स्ट्रक्सन मार्मा १, दार्चुला । | ७८,९४,२५४।२४ |

**प्रमुख प्रशासकिय अधिकृत**


अमेरिकी राष्ट्रपति ट्रम्पले भने

# ग्रीनल्याण्ड राष्ट्रिय सुरक्षाका लागि महत्त्वपूर्ण



**कपनहेगन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रीनल्याण्डको विषयमा अमेरिका समर्थक नहुने देशहरूविरुद्ध आर्थिक शुल्क लगाउन सकिने संकेत दिएका छन् ।

यो टिप्पणी त्यतिबेला सार्वजनिक भएको हो, जब दुई पार्टीका अमेरिकी संसद् सदस्यहरू डेनमार्कको राजधानीमा सम्बन्ध सुधार र संवादलाई प्रवर्द्धन गर्न पुगेका थिए । ट्रम्पले लामो समयदेखि अमेरिका ग्रीनल्याण्डको नियन्त्रणमा रहन आवश्यक रहेको विषयमा जोड दिएका छन् । यसै सन्दर्भमा, उनले यस हप्ता स्पष्टरूपमा भने कि आर्कटिकको उक्त टापु अमेरिकी नियन्त्रणमा नहुँदा 'स्वीकार्य छैन' ।

ह्वाइट हाउसमा ग्रामीण स्वास्थ्यसम्बन्धी कार्यक्रममा उनले भने, 'ग्रीनल्याण्डको मामिलामा पनि हामी आवश्यक कदम चाल्न सक्ने अवस्था छ । यदि देशहरूले सहयोग गरेनन् भने आर्थिक शुल्क लगाउने विकल्पमा विचार गर्न सकिन्छ । राष्ट्रिय सुरक्षाका दृष्टिले ग्रीनल्याण्ड महत्त्वपूर्ण छ ।'

यसै हप्ता डेनमार्क र ग्रीनल्याण्डका विदेशमन्त्रीहरूले अमेरिकी उपराष्ट्रपति र विदेशमन्त्रीसँग भेट गरी विचार विमर्श गरेका थिए । सो भेटले केही मतभेदहरू समाधान गर्न भने सकेन, तर एक कार्यसमूह स्थापना गर्ने सहमति जुटेको छ ।

युरोपेली नेताहरूले बारम्बार भनेका छन् कि ग्रीनल्याण्डसम्बन्धी निर्णय डेनमार्क र ग्रीनल्याण्डकै अधिकार क्षेत्रभित्र पर्छ । यसैबीच, डेनमार्कले ग्रीनल्याण्डमा आफ्नो सुरक्षा उपस्थितिलाई सहयोगी मुलुकहरूसँग मिलेर बढाउँदै आएको छ ।

### सम्बन्धलाई सुदृढ बनाउनु आवश्यक

कपनहेगनमा अमेरिकी संसद् सदस्यहरूले डेनमार्क र ग्रीनल्याण्डका सांसदहरूसँग भेटेर विचार विमर्श गरे । डेलावेयरका सिनेटर क्रिस कून्सले २२५ वर्ष लामो मित्रता र साझेदारीका लागि आभार व्यक्त गर्दै भने, 'हामीले भविष्यमा सम्बन्धलाई कसरी बलियो बनाउने भन्ने विषयमा विस्तृत र सकारात्मक संवाद गरेका छौं ।'

अलास्काका सिनेटर लिसा मर्कोव्स्कीले भने, 'ग्रीनल्याण्डलाई हाम्रो मित्र र सहयोगीको रूपमा हेर्नुपर्छ, कुनै सम्पत्ति वा वस्तुको रूपमा होइन । यही दृष्टिकोणले सम्बन्धलाई दीर्घकालीन र सम्मानजनक बनाउँछ ।'

ट्रम्पले चीन र रसियाले ग्रीनल्याण्डमा आफ्नो प्रभाव विस्तार गर्ने सम्भावना उल्लेख गर्दै, अमेरिकाका दृष्टिले सो टापु रणनीतिक दृष्टिले महत्त्वपूर्ण रहेको बताएका छन् ।

ग्रीनल्याण्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सेनले भने, 'यदि हालको परिस्थितिमा अमेरिका र डेनमार्कबीच छनोट गर्नुपरे, हामी डेनमार्क, नाटो र युरोपेली संघसँगको सम्बन्धलाई प्राथमिकता दिनेछौं ।'

ग्रीनल्याण्डको इनुइट परिषद्की अध्यक्ष सारा ओल्सभिगले भनिन्, 'विश्वको ठूलो शक्तिशाली देशले अल्पसंख्यक समुदायलाई कसरी हेर्छ भन्ने विषयमा यसले सन्देश दिन्छ । हामीले यसलाई सम्मान र संवेदनशीलतापूर्वक सम्बोधन गर्न आवश्यक छ ।' *रासस/एपी*


**Roshi Rural Municipality**

**Office of Rural Municipal Executive**

**Roshi-07, Kavre**

**Bagmati Province, Nepal**

**NOTICE FOR RE-TENDER PUBLICATION**

**Date of Publication: 2082/10/04**

This is to notify that online invitation for bids published for following project listed in the E-GP System (https://bolpatra.gov.np/egp) of government of Nepal, Bidders can only bid electronically. For further details bidders are requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO Website https://bolpatra.gov.np/egp

**Contract Details:**

| Name Of Project | Contract ID | Estimated Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| Kavrepalanchowk Jilla Roshi Gaupalika Wada 9 ma Chatrepipal Samudayik Bhawan Nirman tatha Gherabar | RRM/CSBG/W/ NCB/05-2082/83 | 24,26,261.80 | 65,000 | 3000 |
| Mangaltaar Swasthya Chauki Sudhridhikaran | RRM/MSCS/W/ NCB/06-2082/83 | 14,56,307.72 | 38,000 | 1000 |

**Chief Administrative Officer**



**नेपाल सरकार**

**शहरी विकास मन्त्रालय**

**शहरी विकास तथा भवन निर्माण विभाग**

**नयाा शहर आयोजना कार्यालय**

**खुर्कोट, सिन्धुली**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**सूचना नं. ०३- ०८२/०८३**

**सूचना प्रकाशन मिति : २०८२/१०/०४**

यस कार्यालयबाट मिति २०८२/०८/१० गतेको सौर्य दैनिक पत्रिकामा आह्वान गरिएको ठेक्का नं. KNTPO/NCB/Works/02/2082-083 को बोलपत्रहरूका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपशिल अनुसारका बोलपत्रदाताहरु प्राविधिक प्रस्ताव मुल्यांकनमा सारभूत रूपमा प्रभावग्राही देखिएका हुदाँ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम तपशिलमा उल्लेखित मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सो समयमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्राविधिक प्रस्ताव उत्तीर्ण बोलपत्रदाता**

**ठेक्का नं.- KNTPO/NCB/Works/02/2082-083**

**नाम**: Construction of Covered hall Third Phase with approach road and Multipurpose Community Building Second Phases.

| सि.नं. | बोलपत्रदाताको नाम | कैफियत |
|---|---|---|
| १. | Pinus Construction, New baneswor-10, Kathmandu. | |
| २. | Bajra Mansh Construction, Deurali-4, Sidhupalchowk. | |
| ३. | M.K.S Jagat maiya J.V, Bhimeswor-7, Sindhuli | |
| ४. | Jagadamba-D&d-Swadeshi J.V, Thapagaun-10, Kathmandu. | |

**मिति : २०८२/१०/११ स्थान : नयाँ शहर आयोजना कार्यालय,खुर्कोट, सिन्धुली समय : दिनको १ बजे**

**आयोजना प्रमुख**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २७७२०० | प्रति तोला – ० | प्रति तोला – ५६४५ |



**खोलेसाग खेती** दाङको घोराही उपमहानगरपालिका–१४ स्थित ट्राफिकचोकका स्थानीयले कटुवा खोलामा गरेको व्यावसायिक खोले साग खेती।
*तस्बिर : कुलदिप न्यौपाने/रासस*

## आगामी आर्थिक वर्षको बजेट निर्माण थालियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण प्रक्रिया अघि बढेको छ। आगामी आर्थिक वर्षको बजेटका लागि सम्भावित स्रोत खोज्ने र खर्चको सीमा निर्धारण गर्नेगरी राष्ट्रिय स्रोत अनुमान समितिले काम थालिसकेको राष्ट्रिय योजना आयोगले जनाएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा वार्षिक बजेट बनाउदा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ। यसका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति छ। उक्त समितिलाई सहयोग गर्ने गरी




अर्को प्राविधिक समिति बनाएर प्रारम्भिक काम थालिसकेको आयोगका सचिव रविलाल पन्थले जानकारी दिए।

'प्राविधिक समितिको बैठक बसेर काम सुरु भइसकेको छ। समष्टिगत आर्थिक परिसूचकलाई विश्लेषण गरेर स्रोत अनुमान गर्नुपर्ने हुँदा नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग तथ्याङ्क र विवरण मागिएको छ', उनले भने, 'प्राविधिक समितिले स्रोत अनुमान समितिको बैठकका लागि तयारी गरिरहेको छ। कानुनले तोकेको समयभित्र बजेट सिलिङ पेश हुन्छ।'

राष्ट्रिय स्रोत अनुमान समितिले माघ मसान्तसम्ममा स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरिसक्नुपर्ने र सो सम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन ७ गतेभित्र अर्थमन्त्रीसमक्ष पेश गरिसक्नुपर्ने ऐनको व्यवस्था छ।

स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। हाल कार्यान्वयनमा रहेको १६औँ पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना बनाएर मन्त्रिपरिषदमा पठाइएको पनि आयोगका सचिव पन्थले जानकारी दिए।

स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको आर्थिक र आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षमा उपलब्ध हुनसक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋणलगायतका संघीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नुपर्ने हुन्छ। त्यस्तै, स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचनासमेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था पनि ऐनमा रहेको छ। खर्चको सीमा निर्धारण गर्दा अनिवार्य दायित्व तथा जनाइएको प्रतिवद्धता बमोजिम भुक्तानी हुन बाँकी रकमसमेत समावेश गरी समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेलगायतका विषयहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा राखिएका छन्।

यसअघि आयोगले आयोगले आगामी आवका लागि संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रदेश र स्थानीय तहसँग प्रस्ताव माग गरिसकेको छ। प्रदेश तथा स्थानीय तहका लागि संघीय सरकारबाट उपलब्ध हुने समपूरक तथा विशेष अनुदान लिनका लागि माघ मसान्तभित्रमा प्रस्ताव पेश गरिसक्नुपर्नेछ।

## 'विश्व परिवेश र राजनीतिक अस्थिरता विकासको बाधक'

■ दामोदर खनाल

**रूपन्देही–** राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठले विश्व परिवेश र राजनीति अस्थिरताले नेपालको विकास निर्माणकार्यमा प्रभाव पारेको वताएका छन्। उनले विश्वमै अस्थिरता रहेको र कोभिड र भुकम्प पछि अर्थतन्त्रमा नराम्रो प्रभाव पारेको वताउदै कस्तेर के हुन्छ कस्तेर के यसै भन्न नसकिने अवस्था रहेको वताउदै भने विश्वको जियो पोलिटिक्स र जलवायु परिवर्तनको असर नेपालमा पनि परिरहेको छ।

नेपाल च्याम्बर अफ कमर्स, लुम्बिनी प्रदेशको बार्षिक साधारणसभामाको शनिवार रूपन्देहीमा उद्घाटन गर्दै उनले यस्तो बिचार व्यक्त गरेका हुन्।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. श्रेष्ठले नेपालमा विकास नभएको होईन तर आशा गरिए अनुसार विकास हुन नसकेको बताउँदै राजनीतिक र कर्मचारीतन्त्रको अस्थिरता विकासको बाधक भएको वताए। कतिपय ठुला योजनाका काम बजेटको अभावले गर्दा पूरा हुन नसकेको वताउदै उनले भने आशा गरिएअनुसार सुशासन पनि कायम नभएको र कतिपय काममा नितिनियम बाधक भएको उनको भनाई थियो।

चेम्बर अफ कमर्सका प्रदेश अध्यक्ष टंक पोखरेलले नेपालमा सम्भावना भए पनि नीतिगत स्थिरता नहुँदा समस्या पर्दै आएको बताए। उनले गौरवका आयोजना सिलन्यास र उदघाटनका लागि मात्र हुन नहुने बताउँदै सेवा डेलिभरी चुस्त दुरूस्त हुन पनि आवश्यक रहेको चर्चा गर्दै भैरहवामा निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल नियमित संचालन हुन नसक्दा यस क्षेत्रका उद्योगी व्यवसायी निरास हुन परेको गुनासो पोखे।

चेम्बर अफ कमर्सका केन्द्रीय वरिष्ठ उपाध्यक्ष दिपक मलहोत्राले मुलुकमा भ्रष्टाचार व्याप्त रहेको र राज्यले काममा एकद्वार नीति लागु गर्न आवश्यक रहेको वताए। उनले निजि क्षेत्र एकजुट हुन आवश्यक रहेको बताउँदै निर्वाचनसम्म कुर्न आवश्यक रहेको र त्यसपछि पनि सरकारको काममा गति नआए उद्योगी व्यवसायी एकजुट भएर नयाँ ढंगले दबाब दिँदै अगाडि बढ्न आवश्यक रहेको चर्चा गरे।

रूपन्देही चेम्बर अफ कमर्सका अध्यक्ष एजाज आलमले बिकासको सम्भावना भएपनि काम गर्ने वातावरणमा नरहेको गुनासो गर्दै जेनजी आन्दोलन पश्चात भन्सारलगायत क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेको दाबी गरे। उनले अतिरिक्त रकम नबुझाई काम नहुने अवस्था अहिले पनि रहेको पनि वताए। बैकको व्याजदर विगतमा भन्दा निकै कम भएपनि उद्योगी व्यवसायीले ढुक्कसँग काम गर्ने विश्वासिलो वातावरण नरहेको पनि उनले वताए।

लुम्बिनी प्रदेशमा होटल र पर्यटन क्षेत्रमा करिव २ खर्व लगानी रहेको छ। यस क्षेत्रमा कृषि, वन र जडिबुटीको राम्रो सम्भावना रहेकोले कृषिलाई उद्योग र उत्पादनसँग जोड्न आवश्यक रहेको वताए। तीन तहका सरकारको सहकार्य नहुँदा काममा अप्ठेरो परेको वक्ताहरूको भनाई थियो।

## गाईभैंसी पालनबाट मासिक एक लाखभन्दा बढी आम्दानी

■ प्रभाव संवाददाता

**तुलसीपुर–** तुलसीपुर उपमहानगरपालिका–३ निवासी विष्णु शर्माले व्यावसायिक रूपमा जर्सी गाई र भैंसीपालन गरेर मासिक रु एक लाखदेखि रु एक लाख ५० हजारसम्म आम्दानी गर्दै आएका छन्। उनले अहिले १३ वटा गाई र १२ वटा भैंसीपालन गरेका छन्।

स्वदेशमा केही गरौं भनेर सुरु गरेको व्यवसायबाट मासिक रु एक लाख ५० हजारसम्म आम्दानी हुने गरेको शर्माले जानकारी दिए। 'खर्च कटाएर अहिले मासिक रु एक लाखदेखि डेढ लाखसम्म आम्दानी हुन्छ', उनले भने। दैनिक ७५ लिटरसम्म दूध उत्पादन हुँदै आएको उनले बताए।

हाल बजारमा रु ९५ प्रतिलिटर दूध बिक्री हुने शर्माले बताए। उनका अनुसार दूधलाई बजारीकरण गर्न समस्या नभए पनि सरकारले ध्यान भने दिनुपर्नेमा अवस्था छ। 'अहिले बजारमा दूध बेच्नलाई समस्या छैन', उनले भने, 'तर वास्तविक किसानले बजार मूल्य भने पाउन सकेका छैनन्, यसमा सरकारले ध्यान दिनुपर्छ।' उनले विसं २०७७ देखि गाई र भैंसीपालन सुरु गर्नुभएको हो। हाल नौ वटा गाई र पाँच वटा भैंसीले नियमित दूध दिँदै आएका छन्।

किसान शर्माले रु १३ लाख लगानी गरेर गोठ तयार गरेको जनाउँदै रु १३ लाख जति लगानी गरेर गाई तथा भैंसी खरिद गरेको बताए। उक्त लगानी संकलन भइसकेको उनको भनाइ छ। उनले गाईभैंसीको मल पनि बिक्री गर्दै आएका छन्। प्रत्येक टिपरको रु ३० हजारका दरले मल बिक्री हुने उनले बताए।

## काभ्रेमा मल्चिङ विधिबाट कफीखेती

**धुलिखेल–** आम्दानीको मुख्य स्रोत कफीखेतीलाई बनाउँदै आएका काभ्रेपलाञ्चोकका महाभारत गाउँपालिकाका किसानले पछिल्लो समय नयाँ प्रविधि अवलम्बन गरेका छन्।

गुणस्तरीय कफी उत्पादनका लागि पालिकाले किसानलाई खेतीमा मल्चिङ विधि, थोपा सिँचाइ र छहारीको व्यवस्थापनमा सघाएपछि किसान त्यसतर्फ आकर्षित भएका हुन्। गाउँपालिकाको सहयोगमा वडा नं ५ को चौडिक र खोलाघारीमा पहिलोपटक मल्चिङ विधिबाट परीक्षणका रूपमा खेती भइरहेको छ। वडा नं ५ का वडाअध्यक्ष विजय राना मगरले पाँच रोपनीमा ६०० भन्दा बढी बिरुवा रोपेर व्यावसायिक रूपमा मल्चिङ विधिबाट कफीखेती सुरु गरेका छन्।

मल्चिङ विधिबाट खेती गर्दा मल नबगाउने, झार नउम्रिने र ओसिलोपन व्यवस्थापन हुने भएकाले यो प्रविधि उपयोगी भएको उनले बताए। त्यससँगै



थोपा सिँचाइ प्रविधि पनि प्रयोग गरिएको छ। यसरी खेती गर्दा चाँडो फल लाग्ने र त्यो गुणस्तरीय हुने उनले बताए।

महाभारत गाउँपालिका–२ सोक्तेलका कफी उत्पादक किसानहरूले पनि छहारी व्यवस्थापनलाई प्राथमिकता दिएका छन्। छहारी व्यवस्थापनबाट बिरुवा निरोगी हुने र चेरी पनि गुणस्तरको हुने भएकाले किसान त्यसतर्फ आकर्षित भएका हुन्।

गाउँपालिकाले कफी उत्पादन र प्रवर्द्धनका लागि बागमती प्रदेश सरकारको सहयोग र समन्वयमा समुदायमा आधारतिर 'एक वडा, एक उत्पादन' कार्यक्रम लागू गरेको गाउँपालिकाका कृषि प्राविधिक खिमबहादुर डाँगीले बताए।

गाउँपालिकाको तीन हजार २०० रोपनीमा कफीको व्यावसायिक कफीखेती विस्तार भइरहेको छ। विसं २०७८ सालदेखि यहाँका कफी किसान, कृषि सहकारी र समूहलाई गरेर तीन लाख ३१ हजार भन्दा बढी विरुवा वितरण गरिसकेको महाभारत गाउँपालिकाले जनाएको छ। पालिकाबाट बोट वितरणका लागि ७८ हजार बोट उत्पादन भएका छन्।

गाउँपालिकाले किसानलाई 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु बीसको नोट' कार्यक्रमसहित प्रतिबोट रु २० का दरले अनुदान दिने व्यवस्था गर्दै आएको छ। सबैजसो किसान कफी खेतीतर्फ आकर्षित हुन थालेपछि पालिकाले अनुदानमा कफीको बोट वितरण र आवश्यक उपकरण वितरण गर्नाका साथै अनुदानमा प्रशोधन उपकरण वितरणलाई पनि जोड दिँदै आएको छ। *रासस*

## बागमती सरकारको पुँजीगत खर्च न्यून

■ प्रभाव संवाददाता

**बागमती–** बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनाको अवधिमा आठ दशमलव ९९ प्रतिशत मात्र पुँजीगत खर्च गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले चालु आव २०८२/८३ को साउनदेखि पुससम्ममा कूल बजेटको करिब १४ दशमलव १० प्रतिशत खर्च गरेको छ। जुन अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा २ दशमलव १७ प्रतिशत कम खर्च भएको हो।

आव २०८१/८२ को छ महिनाको अवधिमा प्रदेश सरकारले कूल बजेटको १६ दशमलव २७ प्रतिशत बजेट खर्च गरेको थियो। प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत केशव भण्डारीका अनुसार चालु आव २०८२/८३ को छ महिनाको अवधिमा प्रदेश सरकारले चालुतर्फ २२ दशमलव ४८ प्रतिशत र पुँजीगततर्फ आठ दशमलव ९९ प्रतिशत बजेट खर्च गरेको छ।

चालु आव २०८२/८३ का लागि प्रदेश सरकारले रु ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएकोमा छ महिना सकिँदा रु नौ अर्ब ५८ करोड चार लाख ४५ हजार बजेट खर्च भएको उनले बताए।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले ३६ दशमलव ३५ प्रतिशत, मुख्य न्यायाधीवक्ताको कार्यालयले ३० दशमलव ८० प्रतिशत, प्रदेशसभा सचिवालयले २९ दशमलव ३५ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयले २८ दशमलव १० प्रतिशत, स्वास्थ्य मन्त्रालयले २६ दशमलव ४३ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले २५ दशमलव ९१ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले दुई दशमलव ३० प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ।

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, प्रदेश सरकारका निकायले राम्ररी काम गर्न नसकेको र बजेट कार्यान्वय हुन सक्दा प्रदेश सरकारको खर्च कम देखिएको अधिकृत भण्डारीले बताए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ